का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ कात्तिक २०८२
सोमबार
3 November 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २६३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




# मिले ८ दल निले माओवाद र जबज

लामो गृहकार्य, उतारचढाव र आन्तरिक किचलोपछि अन्ततः माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित आठ वामपन्थी दलहरूले एकताको सहमति गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक



कात्तिक १९ गते एकता राष्ट्रिय सम्मेलन गर्नेगरी आइतबार पेरिसडाँडामा १८ बुँदे सहमतिमा हस्ताक्षर गरिएको हो । सो सम्मेलनमा एकता प्रक्रियामा सहभागी सबै घटकहरूका केन्द्रीय समितिको सहभागिता रहनेछ । सम्मेलनबाट पार्टी एकताको घोषणा गर्ने, घोषणापत्र र अन्तरिम विधान पारित गर्ने र केन्द्रीय समितिको गठनलगायतका काम हुनेछन् । एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साबिकका केन्द्रीय कमिटीलाई समायोजन गर्दै आपसी सहमतिका आधारमा केन्द्रीय समिति गठन गरिने जनाइएको छ ।

एकीकृत दलको नाम भने टुंगो लागेको छैन । एकताका लागि पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्रले माओवाद र माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीले जनताको बहुदलीय जनवाद (जबज) भने छाडेका छन् । एकतापछि बन्ने दलले मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्त बनाएको छ । माओवादी केन्द्र नाम र सिद्धान्त दुवैमा माओवाद छोड्न सहमत भएपछि आठवटा दलबीच एकता हुन सकेको हो । तर एकीकृत समाजवादीका असन्तुष्ट नेताहरूले अहिले एकताका लागि उपयुक्त समय नभएको र माओवाद स्वीकार्न नसकिने भन्दै एकतालाई अस्वीकार गरेका हुन् । रोचक पक्ष, माओवादी केन्द्रभित्र माओवाद परित्याग गरेर जबजवादी बन्न नसकिने भन्दै पार्टी पुनर्गठनको तयारी भइरहेको छ ।

एकतापछि बन्ने नयाँ दलको चुनाव चिह्न तारा रहनेछ । प्रस्तावित चुनाव चिह्नले निर्वाचन आयोगबाट मान्यता पाउनुपर्नेहुन्छ । त्यस्तै, ६ महिनाभित्र एकता महाधिवेशन गरेर नेतृत्व चयन गरिनेछ । केन्द्रदेखि जिल्लासम्म संयोजक र सहसंयोजक मुख्य नेता हुनेछन् । सो पार्टीमा चार मुख्य संरचना हुनेछ, केन्द्रीय समिति, राजनीतिक समिति, सचिवालय र कार्य संयोजन समिति । राजनीतिक वैचारिक मतभेदलाई पृष्ठ २ मा

# चरम गुटबन्दीले थलियो कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक

समूहगत राजनीतिलाई आफ्नो पहिचान बनाउँदै आएको नेपाली कांग्रेस आवधिक महाधिवेशनको मुद्दालाई लिएर थला परेको छ । जेनजी आन्दोलनपछिको विकसित राजनीतिक घटनाक्रमसँगै पार्टीको १५औं महाधिवेशन आमनिर्वाचन अघि गर्ने कि पछि भन्नेमा चर्को मतभेद छ । त्यसमा चरम गुटबन्दी मिसिँदा केन्द्रीय बैठक लम्बिइरहेको छ ।

कांग्रेसभित्रको गुटगत विवादले राष्ट्रिय राजनीतिमा समेत अन्यौल सिर्जना गरेको छ । बदलिएको परिस्थितिमा आफ्नो धार प्रस्ट पार्न गत असोज २८ गते केन्द्रीय कमिटी बैठक सुरु भएको थियो । सभापति शेरबहादुर देउवाले स्वास्थ्यका कारण देखाउँदै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएर सक्रिय राजनीतिबाट बिदा लिएका थिए । त्यसयता पार्टी संकटको सहज अवतरण गर्ने जिम्मेवारी खड्काको काँधमा आएको छ । तर खड्काले कार्यवाहक सम्हालेसँगै पार्टीभित्र गुटबन्दी थप झाँगिँदै गएको आरोप युवा नेताहरूको छ ।

कांग्रेस केन्द्रीय सदस्य प्रकाश स्नेही रसाइलीले राष्ट्रिय मुद्दामा केन्द्रित हुनुपर्ने कांग्रेस आन्तरिक जीवनको लडाइँमा रहेको टिप्पणी गरे । 'जेजनी आन्दोलनपश्चात् राष्ट्रिय राजनीतिमा देखिएको असहजतालाई सहजीकरण गर्दै कांग्रेसको नेतृत्वमा सबै पार्टीलाई एक ठाउँमा राखेर राष्ट्रिय समस्या समाधन गर्नेबेला थियो, उनले भने, 'तर कार्यवाहक सभापतिले पार्टीको बैठकसमेत रोकेर गुटको बैठक चलाइरहनुभएको छ । यसले राम्रो परिणम दिँदैन ।' सबैको भावना प्रतिनिधीत्व हुनेगरी नेतृत्व नै अघि नबढेको उनले बताए ।

कांग्रेसको समयमै १५औं महाधिवेशन, विशेष महाधिवेशन वा आमनिर्वाचनपछि नियमित महाधिवेशन भन्ने विषयमा शीर्ष नेतादेखि तल्लो तहका कार्यकर्तासमेत विभाजित हुँदै गएका छन् । गत असोज २८ बाट सुरु भएको पार्टीको बैठकसमेत नियमित बस्न सकेको छैन । पृष्ठ २ मा

कांग्रेस निर्वाचनमा भाग लिन्छ कि लिँदैन भनेर देशभरका नेता कार्यकर्तासहित अन्तर्राष्ट्रिय मञ्चले समेत हेरिरहेको अवस्थामा पहिला निर्वाचनमा जाने निर्णय गरौं ।


**विमलेन्द्र निधी**
नेता, नेपाली कांग्रेस

कांग्रेस आन्तरिक गुटबन्दी र पार्टीसत्ता कसले कब्जा गर्ने भन्ने रणनीतिमा केन्द्रित भएकाले राष्ट्रिय राजनीतिमा देखापरेको संक्रमणकालीन अवस्थालाई व्यवस्थापन गर्ने औपचारिक दृष्टिकोण सार्वजनिक गर्न सकेको छैन


**प्रकाश स्नेही रसाइली**
केन्द्रीय सदस्य






# सरकारका दुई निर्णयमा सर्वोच्चको अंकुश

दलहरूले भागबन्डामा नियुक्त गरिएका भनिएका ११ देशका राजदूत फिर्ता बोलाउने र भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय उल्ट्याएर सर्वोच्चले पूर्वप्रधानन्यायाधीश नेतृत्वको चुनावी सरकारलाई लगाम लगाएको छ ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक



सर्वोच्च अदालतले आइतबार ११ राजदूत फिर्तासम्बन्धी निर्णय कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गर्‍यो । गत मंगलबार भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने सरकारको निर्णयलाई यथास्थितिमा राख्न आदेश दिएका थियो । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गरेका पछिल्ला दुई निर्णयमा सर्वोच्च अदालतले कार्यान्वयन नगर्न भनेको हो ।

सरकारले केही हप्ताअघि गरेको ११ देशका राजदूत फिर्ता गर्ने निर्णय गरेको थियो । सरकारको सो निर्णयप्रति आमटिप्पणी भइरहेको थियो । न्यायाधीशहरू शारंगा सुवेदी र श्रीकान्त पौडेलको इजलासले जारी गरेको अन्तरिम आदेशमा जारी गर्दै 'यो सरकार निर्वाचन गराउने उद्देश्यले गठन भएको' भन्ने अर्थ लगाउने प्रयास गरेको हो । 'संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक व्यवस्थाबमोजिम ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी अन्तरिम सरकार गठन भएको भन्ने राष्ट्रपतिको कार्यालयको विज्ञप्तिमा उल्लेख भएको,' भन्ने वाक्यांश प्रयोग गरेको छ । सरकारलाई ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन गर्ने र भ्रष्टाचार नियन्त्रणका सवालमा काम गर्ने म्यान्डेट छ ।

त्यस्तै, अन्तरिम सरकारको मन्त्रिपरिषद्ले २०८२ असोज २३ गते भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय गरेको थियो । न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले गत मंगलबार त्यस सम्बन्धमा अल्पकालीन अन्तरिम आदेश जारी गर्दै खारेजी निर्णयको कार्यान्वयन नगर्न आदेश दिएको थियो । सो निर्णयविरुद्ध दर्ता भएको निवेदनमा सर्वोच्चले अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम उक्त अल्पकालीन अन्तरिम आदेश जारी गर्दै त्यसको जानकारी विपक्षीलाई समेत पठाउन आदेश दिएको छ । सो आदेशमा अदालतले भनेको छ, ' निवेदनमा उठाइएको पृष्ठ २ मा



राजदूत फिर्ता बोलाउने स्पष्ट आधार र कारणसमेत नखुलेको मन्त्रिपरिषदको निर्णय गैरकानुनी भएकाले सर्वोच्च अदालतको आजको अन्तरिम आदेश स्वागतयोग्य रहेको छ ।

**कीर्तिनाथ शर्मा पौडेल**
अधिवक्ता

## वैदेशिक रोजगार विशेष

# मलेसियाको पत्रबारे श्रम मन्त्रालयद्वारा संघको आधिकारिक धारणा माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ कात्तिक


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई मलेसियाको विदेश मन्त्रालयले म्यानपावर कम्पनी छनोट गर्ने विषयमा आधिकारिक धारणा तथा सुझाव उपलब्ध गराउन पत्राचार गरेको छ ।

नेपाली कामदार मलेसिया पठाउने विषयमा परराष्ट्र मन्त्रालयले कात्तिक १३ गते मलेसियाको विदेश मन्त्रालयको कूटनीतिक नोट श्रम मन्त्रालयमा पठाएको थियो । त्यसअनुसार श्रम मन्त्रालयले कात्तिक १६ गते संघलाई राय-सुझाव पठाउन पत्राचार गरेको हो ।

मन्त्रालयले संघलाई पठाएको पत्रमा मलेसियामा नेपाली कामदार पठाउने म्यानपावर कम्पनीहरूको सूचीकरण गर्न निर्धारण गरिएका १० वटा अनिवार्य सर्तका सन्दर्भमा संघका सदस्यहरूसँग समेत छलफल गरी सात दिनभित्र आधिकारिक सुझाव उपलब्ध गराउन आग्रह गरिएको छ । मन्त्रालयले मलेसियाको विदेश मन्त्रालयबाट प्राप्त कागजात पनि संघलाई पठाएको छ । मन्त्रालयले कात्तिक १४ गते संघसँग राय माग्ने निर्णय गरेको बताइएको छ ।

गत शुक्रबार प्रधानमन्त्री कार्यालयमा भएको छलफलमा मलेसिया सरकारले पठाएको मापदण्ड कार्यान्वयन नहुने निष्कर्ष निकालिएको मुख्यसचिव एकनारायण अर्यालले मध्यान्ह दैनिकलाई बताएका थिए । उनले भनेका थिए, 'मलेसियाले पठाएको मापदण्ड कार्यान्वयनमा जाँदैन । पृष्ठ २ मा

## धरौटी तथा बैंक ग्यारेन्टीको प्रमाण पठाउन विभागको आग्रह

**काठमाडौं/मस**– वैदेशिक रोजगार विभागले भदौ २४ गतेको आगजनीमा जलेर नष्ट भएका धरौटी तथा बैंक ग्यारेन्टी रकमका अभिलेख अद्यावधिक गर्न आवश्यक प्रमाण पठाउन वैदेशिक रोजगार व्यवसायी र अन्य संस्थाहरूलाई आग्रह गरेको छ ।

विभागले वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्ने म्यानपावर कम्पनीहरूका साथै उनीहरूको शाखा विस्तार, अभिमुखीकरण तालिम सञ्चालन, घरेलु कामदार पठाउने, न्यायिक धरौटीलगायत प्रयोजनका लागि धरौटी लिँदै आएको छ । उक्त रकम विभागले वैदेशिक रोजगार ऐन तथा नियमावली बमोजिम मुद्दती खातामा एकमुष्ट रूपमा जम्मा गर्ने गरेको छ । तर भदौ २४ गतेको आगजनीमा विभागका पृष्ठ २ मा

## कुवेतमा रोजगार

कम्पनी: KCC ENGINEERING & CONTRACTING COMPANY
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०७/१६
चलानी नं.: ६०२४६७१२
LT. No.: 333050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 100 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५५,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Diesel Mechanic | 3 | 0 | | 180 | ८३,१२९ | | | | | | | |
| 3. | Electrician (Electrrician) | 6 | 0 | | 140 | ६४,६५६ | | | | | | | |
| 4. | Foreman - Electrical | 5 | 0 | | 250 | १,१५,४५७ | | | | | | | |
| 5. | Hse Officer | 5 | 0 | | 350 | १,६१,६४० | | | | | | | |
| 6. | Lv Cable Jointer | 25 | 0 | | 200 | ९२,३६६ | | | | | | | |
| 7. | Pipe Fitter | 6 | 0 | | 150 | ६९,२७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DANA HUMAN RESOURCE NEPAL PVT.LTD.
श्रम इजाजत नं. १६९२/०८०/०८१
Sinamangal, Kathmandu, Nepal, Tel No: 01-5923344, 980-2373747, 980-2397164, 980-2398611, 980-2373751, 9802398610, 9802373753, Email: dananepalpg@gmail.com Web: www.dananepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ कात्तिक २०८२ सोमबार
3 November 2025 Monday

# विदेशमा रहेका नेपालीलाई मतदान अधिकार दिन छलफल

**काठमाडौं/मस-** गृह मन्त्रालय र नेपाल नीति अध्ययन प्रतिष्ठानबीच विदेशमा रहेका नेपाली नागरिकलाई मतदान अधिकार प्रदान गर्ने विषयमा छलफल भएको छ।

आइतबारको बैठकमा गृह मन्त्रालयका तर्फबाट ओमप्रकाश अर्याल, गृहसचिव रामेश्वर दंगाल, मन्त्रालयअन्तर्गतका कानुन महाशाखाका सहसचिव र प्रतिष्ठानका तर्फबाट कार्यकारी अध्यक्ष प्रा.डा.लेखनाथ शर्मा, डा दीपक खड्कासहितको टोली सहभागी भएको थियो।



बैठकमा विदेशबाट मतदानको सम्भावना, मतदाता नामावली, मतदान प्रक्रिया र यसलाई सम्भव बनाउन आवश्यक संयन्त्र, कानुन र अन्य आवश्यकताबारे छलफल गरिएको जनाइएको छ।

विदेशमा रहेका नागरिकको मतदानका विषयमा विद्यमान कानुनी अवस्था, अन्य मुलुकको कार्यान्वयन अनुभव र चुनौतीहरूबारे प्रारम्भिक छलफलका लागि प्रतिष्ठानलाई आमन्त्रण गरिएको गृह मन्त्रालयले जनाएको छ।

बैठकमा 'आउट अफ कन्ट्री भोटिङ' का विषयमा नीति प्रतिष्ठानले अघि बढाएको अनुसन्धानको कार्यप्रगति र प्रयोग हुन सक्ने विधिहरू प्रस्तुत गरिएको थियो। विदेशमा हुने मतदान प्रक्रिया, हुन सक्ने सुरक्षा चुनौती, आवश्यक जनशक्ति र यसका कार्यान्वयनका लागि निर्माण हुनुपर्ने राजनीतिक वातावरण आदि विषयबारे पनि चर्चा भएको गृहमन्त्री अर्यालको सचिवालयले जनाएको छ।

# हर्क साम्पाङ नेतृत्वको पार्टीलाई दल दर्ताको प्रमाणपत्र

काठमाडौं/मस- निर्वाचन आयोगले धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ नेतृत्वको नयाँ राजनीतिक दल श्रम संस्कृति पार्टीलाई दल दर्ताको प्रमाणपत्र प्रदान गरेको छ।

आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४ र ५ अनुसार उक्त पार्टीलाई दल दर्ताको प्रमाणपत्र आज प्रदान गरेको हो।

आयोगका अनुसार जेनजी आन्दोलनपछि आयोगमा सातवटा नयाँ दलले दर्ताका लागि आवेदन गरेकामा साम्पाङ नेतृत्वको पार्टीले सबैभन्दा पहिले प्रमाणपत्र प्राप्त गरेको हो। आयोगमा १२५



दलको दर्ता कायम छ। दल दर्ताको प्रमाणपत्र प्राप्त गरेपछि साम्पाङले भने, 'हामीले २८ सदस्यीय कार्यसमिति बनाएका छौँ, हामी देशका लागि काम गरेर देखाउँछौँ। देश र जनताप्रति हामी इमानदार छौँ।'

# अनलाइन सञ्चारमाध्यम दर्ता र सञ्चालन अब सूचना विभागबाटै

**काठमाडौं/मस-** अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनका लागि अब विभिन्न निकाय धाउनु नपर्ने भएको छ।

अनलाइन दर्ता, नवीकरण र प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि कागजात विभिन्न निकायलाई बुझाउनुपर्ने झन्झट अन्त्य भइ अबदेखि एकै ठाउँमा कागजात बुझाए पुग्ने भएको हो। सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणलगायतका काम सूचना तथा प्रसारण विभागबाटै हुने जनाएको छ।





विभागले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनको अभिलेख राख्ने र सो अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ। यसले विभिन्न निकायमा कागजात बुझाउनुपर्ने झन्झटको अन्त्य भएको छ। साथै प्रेस काउन्सिलले रु तीन हजार शुल्क लिई अभिलेख सूचीकरण र अभिमुखीकरण गर्दै आएकामा अब सो रकम पनि तिर्न नपर्ने भएको छ। यसअघि सोही कामका लागि भिन्नभिन्न कागजपत्र बुझाउनुपर्ने झन्झटबारे गुनासो आए पछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा विभागले एकद्वार प्रणाली लागू गरेको हो। यसले सेवाग्राहीलाई सहज हुनका साथै सेवा प्रवाह पनि प्रभावकारी हुने मन्त्रालयको विश्वास छ।

सूचना विभागले आइतबार सूचना प्रकाशित गरी अनलाइन सञ्चारमाध्यमको अभिलेख विभागले नै नियमित रुपमा प्रेस काउन्सिललाई उपलब्ध गराउने र अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि सेवाग्राहीले पुनः दर्ता प्रमाणपत्रसहितका कागजात प्रेस काउन्सिलमा बुझाउनु नपर्ने जानकारी गराएको छ। नेपाल राजपत्रमा २०८२ कात्तिक १३ गते प्रकाशित सूचनाअनुसार नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ जारी भएको छ।

उक्त नियमावलीमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ। सोही नियमावलीको नियम ८ (ज) मा सूचना तथा प्रसारण विभागले नियम ८ (क) को उपनियम (४) बमोजिम प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चार माध्यमको अभिलेख राख्नु पर्ने व्यवथा गरेको छ। सोही व्यवस्था बमोजिम सञ्चारमाध्यमको अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ।

प्रेस काउन्सिल नेपालले पनि आइतबार सूचना प्रकाशित गरी संशोधित छापाखाना तथा प्रकाशन नियमावली, २०८२ नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएकाले अनलाइन सञ्चारमाध्यमको अभिलेख तथा सूचीकरण प्रेस काउन्सिलले गर्ने गरी कानुनी व्यवस्था नभएको हुँदा उक्त कार्य प्रेस काउन्सिल नेपालबाट नहुने र अबदेखि सूचना तथा प्रशारण विभागबाटै हुने स्पष्ट पारेको छ।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले संशोधित नियमावलीअनुसार अनलाइनको अभिलेख सूचना विभागले राख्ने र काउन्सिलले अनुगमनको काम गर्ने बताए। उनका अनुसार यसभन्दा अगाडि पत्रकारले विभिन्न निकायमा छुट्टाछुट्टै कागजात बुझाउनुपर्ने प्रावधान थियो। अब अभिलेख विभागले राख्ने र काउन्सिलले अनुगमनको काम गर्नेछ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ (पहिलो संशोध, २०७४) मा दर्ता भएका अनलाइन सञ्चारमाध्यमको अभिलेख प्रेस काउन्सिलले राख्नुपर्ने साथै पत्रकार आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षणसमेत गर्ने व्यवस्थाबमोजिम काउन्सिलले मापदण्ड बनाई तीन हजार शुल्क लिई अभिलेख, सूचीकरण र अभिमुखीकरण गर्दै आएकामा केही नेपाल ऐन संशोधन गर्ने ऐन संशोधन गरी सोही बमोजिम छापाखाना तथा प्रकाशन (दोस्रो संशोधन) नियमावली आएको हो।

**मिले...**

छलफल गर्दै एकता महाधिवेशनबाट समाधान गर्ने सहमति भएको नेकपा एसका प्रवक्ता प्रकाश ज्वालाले बताए। यसअघि २०७५ जेठ ३ मा नेकपा एमाले र माओवादी केन्द्र एकता हुँदा पनि जबज र २१औं शताब्दीको जनवादलाई स्थगित गर्दै महाधिवेशनबाट टुंग्याउने भनिएको थियो। त्यतिबेला पार्टीको सिद्धान्त जनताको जनवाद भनिएकोमा अहिले मार्क्सवाद-लेनिनवाद भनिएको हो।



पार्टी एकता सहमति पत्र

१. पार्टीको मार्गनिर्देशक सिद्धान्त : मार्क्सवाद-लेनिनवाद हुनेछ।

२. नेपाली क्रान्तिको कार्यक्रम : नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुनेछ।

मिति:२०८२/०७/१६

Scanned with CamScanner

नेकपा एसले केन्द्रीय कमिटीबाट एकताको टुंगो लगाएसँगै शनिबार माओवादी केन्द्रको पदाधिकारी बैठकले पनि छिट्टै एकता गर्ने निर्णय गरेको थियो। आइतबार माओवादी केन्द्रको मुख्यालयमा बसेको बैठकले एकताको सहमति गरेको हो। सहमतिपत्रमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एसका अध्यक्ष नेपाल, जनसमाजवादी पार्टी नेपालका अध्यक्ष सुवासराज काफ्ले, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेकपा महासचिव चिरन पुन, नेकपा समाजवादीका अध्यक्ष राजु कार्की, नेकपा माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी र नेकपा साम्यवादीका अध्यक्ष प्रेमबहादुर सिंहले हस्ताक्षर गरेका छन्।

एकताको सहमति गरेका मुख्य घटकहरू माओवादी केन्द्र, एकीकृत समाजवादी र विप्लव नेतृत्वको नेकपा सग्लो भने नरहने भएका छन्। माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले शनिबारको पदाधिकारी बैठकमा एकता स्थगित गर्न प्रस्ताव गरेका थिए। जबर्जस्ती एकता गरिए आफूले माओवादी केन्द्र पुनर्गठन गर्ने चेतावनीसमेत उनले दिएका छन्। एकीकृत समाजवादी विभाजन भइसकेको छ। पूर्वप्रधानमन्त्री एवं एसका सम्मानित नेता झलनाथ खनालले माओवादी केन्द्रसँगको एकतामा आफू नजाने बरु भिन्दै दल गठन गर्ने घोषणा गरिसकेका छन्। खनाल र महासचिव घनश्याम भुसालले शनिबार छुट्टै भेलासमेत गरेका थिए। सो समूहसमेत पुनः विभाजन भएको छ। रामकुमारी झाँक्री, किसन गुरुङ, डा वंशीधर मिश्रलगायतका नेताहरू माओवादीसँग एकतामा पनि नजाने र खनाल-भुसाल समूहमा पनि नबस्ने घोषणा गरिसकेका छन्। उनीहरू नेकपा एमालेमा फर्किने तयारीमा संवाद अघि बढाएका छन्। माओवादी केन्द्र र एसको एकता हुने भएपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले भावुक वक्तव्य जारी गर्दै आफ्नै घरमा फर्किन नेता कार्यकर्तालाई आह्वान गरेका थिए। एकता लम्बिँदा नेकपा एसका नेता कार्यकर्ता एमालेमा फर्किने र माओवादी केन्द्रका नेता कार्यकर्तालाई प्रभाकरले संगठित गर्ने जोखिम बढेपछि हतारहतार एकताको सहमति गरिएको हो।

**चरम...**

बरु गुटको बैठक पटकपटक बसिसकेको छ। कार्यवाहक सभापति खड्काले केन्द्रीय समितिको बैठक नै स्थगन गरेर दुई दिनसम्म धोबीघाटमा संस्थापन पक्षका नेताहरूसँग बैठक गरे। बैठक स्थगन भएकैबेला संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाले आफ्नै सम्पर्क कार्यालय बालुवाटारमा छलफल गरेका थिए। सो छलफलमा महामन्त्री गगन थापा-विश्वप्रकाश शर्मासमेत सहभागी थिए। महामन्त्री गगले र विश्वप्रकाशले विशेष महाधिवेशनका लागि जोड दिँदै महाधिवेशन प्रतिनिधीको हस्ताक्षरसमेत कार्यवाहक सभापतिमार्फत पार्टीमा बुझाइसकेका छन्। संस्थापनइतरकै नेता कोइराला र उनका समर्थक समयमै नियमित महाधिवेशनको मुद्दा बलियो रूपमा उठाउँदै आएका छन्। तर संस्थापन पक्षका नेता आगामी वैशाखअघि महाधिवेशन गर्न नसकिने भन्दै सोहीअनुसार प्रतिनिधी सभाको निर्वाचनका विषयमा पहिला निर्णय गर्ने तयारीमा रहेको बताउँछन्।

कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधीले आमनिर्वाचन अघि महाधिवेशन गर्न नसकिने बताए। 'नियमित महाधिवेशनमा जानुपर्ने विषयमा सबैको सहमति छ,' उनले मध्यान्हसँग भने, 'कांग्रेसले फागुनको निर्वाचनमा भाग लिँदा पार्टीको महाधिवेशन निर्वाचनअघि गर्न सक्ने अवस्था रहँदैन। निर्वाचनको तयारीमा सबै लाग्नुपर्नेहुन्छ। क्रियाशील सदस्य नै टुंगो लागिसकेको छैन।'

नेपाली कांग्रेसले अहिले मूलतः दुईवटा विषय आमनिर्वाचन र पार्टीको महाधिवेशनको विषयमा निर्णय लिनुपर्ने अवस्थामा रहेको उनले बताए। 'देशभरका नेता कार्यकर्ता मात्रै होइन अन्तरराष्ट्रले समेत कांग्रेस निर्वाचनमा भाग लिन्छ कि लिँदैन भनेर हेरिरहेको छ,' निधीले यसअघि थपे, 'निर्वाचनमा जाने सबैको सहमति रहेकाले पहिला त्यो निर्णय गरौं र मदभेतको विषय रहेको महाधिवेशनको मितिका सन्दर्भमा थप छलफल गरेर सहमति जुटाऔं भन्ने मेरो धारणा हो। यसमा महामन्त्रीजीहरूले मान्नुभएन र बैठक मंगलबारलाई सरेको छ।'

धोबीघाटस्थित सिद्धार्थ कटेजमा आइतबार सबेको कार्यसम्पादन समितिको बैठकमा महाधिवेशनको विवाद छाडेर निर्वाचनमा जाने निर्णय गर्न कार्यवाहक सभापति खड्काकाले राखेको प्रस्ताव महामन्त्रीहरूले मानेनन्। महाधिवेशन छाडेर निर्वाचनमा जाने विषयको प्रस्ताव महामन्त्रीद्वय थापा र शर्मा अस्वीकार गरेका छन्। उनीहरू महाधिवेशन र आमनिर्वाचनको विषयमा एकैपटक निर्णय गरेर जानुपर्ने अडानमा छन्। नियमित महाधिवेशनको कार्यतालिका पेस गर्ने र नियमित हुन नसक्दा विशेष महाधिवेशनका लागि पार्टी नेतृत्व तयर हुनुपर्ने माग यथावत् रहेको महामन्त्रीहरूले बताएका छन्। महाधिवेशन छाडेर निर्वाचनमा जाने मात्रै निर्णय गर्ने विषयमा उनीहरूले विमति राखेपछि संस्थापन पक्षले पार्टीको बैठक आगामी मंगलबारसम्मलाई सारेका छन्। यता मंगलबार नै विशेष महाधिवेशन पक्षधर देशभरका महाधिवेशन प्रतिनिधिको भेला काठमाडौंमा बोलाइएको छ। पार्टीको विधानबमोजिम गरिने सो भेलालाई पार्टीभित्र र बाहिर समेत महत्वका साथ हेरिएको छ।

जेन-जी आन्दोलन भएको डेढ महिना बितिसक्दा समेत देशकै ठुलो र पुरानो दलको उपस्थिति र भूमिका शून्यतामा रहेको टिप्पणी हुन थालेको छ। जेनजी आन्दोलनपश्चात मुलुकको राजनीतिक तरलतालाई दिशानिर्देश गरेर जानुपर्ने पुरानो लोकतान्त्रिक दल कांग्रेस आफ्नै पिरमा अल्मलिँएको विश्लेषक पुरञ्जन आचार्यले बताए। 'यतिबेला कांग्रेस आन्तरिक गुटबन्दी र पार्टीसत्ता कसले कब्जा गर्ने रणनीतिमा केन्द्रित भएकाले राष्ट्रिय राजनीतिमा देखापरेको संक्रमणकालीन अवस्थालाई कसरी व्यवस्थापन गर्ने भन्ने औपचारिक दृष्टिकोण नै सार्वजनिक गर्न सकेको छैन,' उनले भने। कांग्रेसमा मौलाउँदै आएको गुटगत प्रवृतिलाई घटाउनुपर्नेमा पछिल्लोपटक यसले अझै आकार लिएको उनको टिप्पणी छ। पार्टी बैठक सार्दै नियमित महाधिवेशनको समय घर्काउन नेतृत्व नै लागेको भन्दै पार्टीका युवा विद्यार्थीहरूले आइतबार पार्टी कार्यालयमा तालाबन्दी गरेका छन्। उनीहरूले समयमै नियमित महाधिवेशन र पार्टीमा ४० प्रतिशत युवा प्रतिनिधित्वको माग राखेका छन्।

पूर्वपदाधिकारी कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधी, शशांक कोइराला, विजयकुमार गच्छदार, गोपालमान श्रेष्ठ र प्रकाशशरण महतले आफ्नो राजनीतिक भविष्यका लागि तत्काल महाधिवेशन नगरी शक्ति सञ्चय गर्न खोज्दा कांग्रेस अनिर्णयको बन्दी बनेको विश्लेषक गेजा शर्मा वाग्लेले टिप्पणी गरेका छन्। पार्टी र सरकारमा पटकपटक प्रभावशाली भूमिका खेलिसकेका यी सात पूर्वपदाधिकारीहरूको दबाबका कारण कार्यवाहक सभापतिसमेत स्वतन्त्र रूपमा अघि बढ्न नसकेको उनको विश्लेषण छ। अहिलेकै नेतृत्व र नीतिअनुसार आमनिर्वाचनमा जाँदा पार्टीले राम्रो परिणाम ल्याउन नसकिने महामन्त्री पक्षधर नेताहरूको दाबी छ। 'अहिलेकै नेतृत्वले टिकट वितरण गर्ने र त्यही नेतृत्वमा चुनावमा जान सकिँदैन भन्ने महामन्त्रीहरूको बुझाइ हो,' उनी निटकका नेता मनोजमणि आचार्यले बताए।

कांग्रेसका महामन्त्रीद्वय थापा र शर्माले मंसिर मसान्तमा नसके पुस १६ मा महाधिवेशन उद्घाटन गर्नुपर्ने माग राखेका छन्। इतरपक्षीय नेता शेखर कोइराला विशेष महाधिवेशनका पक्षमा नभए पनि नियमित महाधिवेशनका लागि महामन्त्रीहरूले अघि सारेको प्रस्तावित कार्यतालिकाको समर्थनमा छन्। तर संस्थापनपक्ष वैशाखअघि महाधिवेशन गर्ने विषयमा लचक नदेखिँदा कांग्रेसको विवाद थप छताछुल्ल बन्दै गएको छ। पार्टी प्रवक्ता प्रकाशशरण महतले निर्वाचन र महाधिवेशन एकैचोटि गर्दा प्रतिकूल हुने भएकाले वैशाखमा १५औं महाधिवेशन गर्नेगरी सहमति जुटाउनुपर्ने बताए। कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले पार्टी पदाधिकारीहरूले महाधिवेशनको कार्यतालिका समयमै नल्याएर केन्द्रीय समितिलाई बन्धक बनाएको आरोप लगाएका छन्। विधानअनुसार चार वर्षमा हुनुपर्ने महाधिवेशन गर्न नसक्ने परिस्थिति आउनुको पछाडि पदाधिकारी र पूर्वपदाधिकारी जिम्मेवार रहेको उनले बताए।

**सरकारका...**

विषयवस्तुको गाम्भीर्यता, उचित कानुनी प्रक्रिया, प्राकृतिक न्यायको सिद्धान्त, खारेज भएको गठन आदेशअन्तर्गतका हक र हिताधिकारीको आवासको मौलिक हक, तथा भूमिसम्बन्धी ऐनका सम्बन्धित दफालाई समेत विचार गरी अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा छलफल गर्न आवश्यक देखिएको छ।'

राजदूत फिर्ता गर्ने सरकारको निर्णयविरुद्ध परेको रिटका पक्षमा बहस गरेका अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले सरकारको गैरकानुनी निर्णयलाई अदालतले सच्याउने प्रयास गरेको टिप्पणी गरे। 'एउटै मितिमा गरेको निर्णयमा केहीलाई फिर्ता बोलाउने र केहीलाई यथास्थितिमा राख्ने निर्णय समानताको सिद्धान्त प्रतिकूल हुन जान्छ,' अधिवक्ता पौडेलले भने, 'राजदूत फिर्ता बोलाउने स्पष्ट आधार र कारणसमेत नखुलेको मन्त्रिपरिषदको निर्णय गैरकानुनी भएकाले सर्वोच्च अदालतको आजको अन्तरिम आदेश स्वागतयोग्य रहेको छ।'

पूर्ववर्ती सरकारले गरेका सबै निर्णय बदर गर्ने अधिकार यो सरकारलाई नभए पनि प्रतिशोधपूर्ण ढंगले सरकार प्रस्तुत भएको विश्लेषकहरूले बताएका छन्। 'अघिल्लो सरकारले नियुक्त गरेका राजदूत फिर्ता बोलाउने निर्णयले राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वका राख्छ,' पूर्वराजदूत नीलाम्बर आचार्यले भने, 'यो सरकारको काम चुनाव गराउने भएकाले पूर्ववर्ती सरकारका निर्णय सच्याउनतिर लाग्नुभन्दा निष्पक्ष निर्वाचन गर्न सबै दलहरूसँग संवादलाई बढी ध्यान दिनुपर्छ।' अन्तरिम सरकारले गरेका केही पछिल्ला केही निर्णय विवादास्पद रहेको विश्लेषकले बताएका छन्। तर सरकारले भने आफ्नो म्यान्डेटअनुसार नै काम गरिरहेको बताएको छ। सर्वोच्चको अन्तरिम आदेशमा उल्लेखित वाक्यांशले 'यो सरकार विशुद्ध निर्वाचन गराउने उद्देश्यले मात्रै गठन भएको हो' भन्ने अर्थ लाग्नेछ। तर त्यसतर्फ व्याख्या नगरी सर्वोच्चले त्यही मितिमा प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन भएकाले संविधानको धारा २९२ बमोजिम संसदीय सुनुवाइ हुन नसक्ने भन्ने अवस्था औंल्याएको छ। नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्रकाश मिश्रले अदालतले सरकारलाई निर्वाचनमा केन्द्रित हुन भनेको बताएका छन्।

**मलेसियाको...**

किन यस्तो विषय प्रस्ताव भयो भन्नेबारे मलेसियासँग कूटनीतिक रूपमा छलफल गर्नुपर्ने देखियो। एउटा म्यानपावर कम्पनीले १० हजार वर्गफिटको कार्यालय राख्नुपर्ने जस्ता विषय स्वीकार गर्न सकिने कुरा होइन।'

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बसेको सरोकारवालाहरूको बैठकले मलेसियाले पठाएको म्यानपावर कम्पनी छनोटका मापदण्ड कार्यान्वयन नगर्ने निष्कर्ष निकालेको छ। तर श्रम मन्त्रालयले सोही समयमा संघसँग राय-सुझाव मागेको विषयले संघसहित सबैजसो वैदेशिक रोजगार व्यवसायीलाई झस्काएको छ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले भने, 'सिन्डिकेट लगाउने विषय नेपालको संविधान, वैदेशिक रोजगार ऐन र मलेसियासँगको श्रम सम्झौताविपरीत छ। व्यवसायीलाई पेशाबाट पलायन गराउने विषय स्वीकार गर्न सकिँदैन।'

संघले मलेसिया सरकारले मापदण्ड तोकेर 'सिन्डिकेट' सिर्जना गर्न खोजेको भन्दै त्यसविरुद्ध विरोधका कार्यक्रमहरू जारी राखेको बताएको छ। संघले सिन्डिकेटमा सहभागी नहुन सोमबार मध्याह्नसम्म प्रतिबद्धता जनाउन सबै वैदेशिक रोजगार व्यवसायीलाई आग्रह गरेको छ।

गत शुक्रबार बसेको संघ कार्यसमिति बैठकले सिन्डिकेटविरुद्ध प्रतिबद्धता नजनाउने वैदेशिक रोजगार व्यवसायीका कम्पनीहरूको नाम सार्वजनिक गर्ने, नेपालस्थित मलेसियाको राजदूतावासमा ज्ञापनपत्र बुझाउनेलगायत विरोधका विभिन्न कार्यक्रम घोषणा गरेको थियो। संघद्वारा सिन्डिकेट पक्षधर व्यक्ति, संस्था तथा निकायविरुद्ध संघर्ष गर्न संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीको संयोजकत्वमा संघर्ष समिति गठन गरिएको छ।

आइतबार साँझसम्म सिन्डिकेटमा सहभागी नहुने भनी संघको कार्यालय र विभिन्न डिजिटल समूहमार्फत आएका प्रतिबद्धतापत्रहरू प्रिन्ट गरी प्रतिबद्धता जनाएका ७५० व्यवसायीको नाम दर्ता गरिएको र सोमबार साँझसम्म प्रतिबद्धता जनाउने कम्पनीहरूको सूची तयार पारिने संयोजक खोखालीले बताए। उनले मंगलबार व्यवसायी भेला बोलाउने तयारीसमेत रहेको जानकारी दिए। खोखाली संयोजक रहेको समितिमा संघका सदस्य भरत सापकोटालगायतका व्यवसायी छन्। संघले नेपाल मेडिकल संघ, नेपाल स्वास्थ्य व्यवसायी महासंघलगायतका संस्थासँग पनि मलेसियाको पत्रको विषयमा छलफल गर्ने बताएको छ। त्यसका लागि संघका अध्यक्ष गुरुङको संयोजकत्वमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, महासचिव महेशकुमार बस्नेत र दुई पूर्वअध्यक्ष गरी पाँच जनाको वार्ता तथा समन्वय समिति गठन गरिएको छ। वार्ताका लागि पत्र तयार गर्ने जिम्मेवारी संघका तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेललाई दिइएको छ।

संघले समस्याको समाधान नभएमा नेपालस्थित मलेसियन दूतावासमा आमव्यवसायीहरू सहभागी हुने गरी शान्तिपूर्ण आन्दोलन र ज्ञापनपत्र बुझाउने, व्यवसायी भेला बोलाउने, वैदेशिक रोजगार विभाग घेराउ गरी ध्यानाकर्षण गराउनेदेखि केही दिन उडान रोक्न व्यवसायीहरूलाई आह्वान गर्नेलगायतका कार्यक्रम गर्ने निर्णय गरेको महासचिव बस्नेतले जानकारी दिए।

उता, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले सोमबार पत्रकार सम्मेलन गरेर आफ्ना धारणा सार्वजनिक गर्ने बताएको छ। मलेसियाले म्यानपावर कम्पनी छनोटका लागि तोकेको मापदण्डबारे संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाललगायतले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी विरोध जनाएका छन्।

**धरौटी...**

अभिलेख जलेर नष्ट भएपछि प्रत्येक म्यानपावर कम्पनीलगायतको धरौटीको छुट्टाछुट्टै विवरण नदेखिने भएको छ। विभागले कार्यालय जलेको विषयमा जिल्ला प्रहरी परिसर काठमाडौंले असोज २७ गते मुचुल्का तयार गरेको उल्लेख गर्दै त्यसको आधारमा समेत नष्ट भएका धरौटी अभिलेख अद्यावधिक गर्न वैदेशिक रोजगार व्यवसायी र अभिमुखीकरण संस्थालगायतसँग सम्बन्धित कागजात र प्रमाण उपलब्ध गराउन आग्रह गरेको हो।

विभागले सम्बन्धित म्यानपावर कम्पनी वा अभिमुखीकरण तालिम प्रदायक संस्थाबाट धरौटी दाखिलाको भौचरको प्रमाणित प्रतिलिपि, बैंक ग्यारेन्टीको प्रमाणित प्रतिलिपि, धरौटीको यथार्थ विवरणसहितको स्वघोषणापत्र, आवश्यक परे बैंक स्टेटमेन्टको प्रतिलिपि, व्यक्तिगत धरौटीका हकमा भौचर र निवेदन, धरौटी प्रयोजन खुलेको पत्र तथा नागरिकताको प्रतिलिपि पेस गर्न भनेको छ।

विभागमा वार्षिक तीन हजार जनासम्म कामदार पठाउने कम्पनीले ५० लाख रुपैयाँ नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी, पाँच हजार जनासम्म कामदार पठाउने कम्पनीले एक करोड नगद धरौटी र तीन करोड रुपैयाँको बैंक ग्यारेन्टी तथा वार्षिक पाँच हजार जनाभन्दा बढी कामदार पठाउने कम्पनीले दुई करोड नगद धरौटी र चार करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेका छन्।

त्यस्तै, अभिमुखीकरण तालिम प्रदायक संस्थाले पाँच लाख रुपैयाँ र घरेलु कामदार पठाउन अनुमति लिएका म्यानपावर कम्पनीले थप २५ लाख रुपैयाँ धरौटी राखेका छन्। विभागले धरौटीका हकमा व्यवसायी स्वयं र बैंक दुवैबाट 'क्रस-भेरिफिकेसन' गरी फरक नपर्ने गरी अद्यावधिक गर्ने जनाएको छ।

भदौ २४ गते विभागमा आगजनी हुँदा अनुगमन, लेखा, योजना-प्रशासन, राहत-उद्धार र अन्तिम स्वीकृति शाखा जलेका थिए। विभागका अनुसार म्यानपावर कम्पनीका एक हजार सात सयभन्दा बढी फाइलहरू जलेका छन्। ती फाइलहरूसँगै धरौटी अभिलेख, म्यानपावर कम्पनीविरुद्धका विगतका उजुरी तथा मुद्दाका विवरण पनि नष्ट भएका छन्। त्यस्तै, कर्मचारी सरुवा-बढुवासम्बन्धी फाइलहरू समेत जलेका थिए। विभागले कर्मचारीलाई आफ्ना कागजातको प्रतिलिपि ल्याउन लगाएर प्रशासनिक फाइलहरू पुनः सिर्जना गरेको जनाएको छ। विभागको अनलाइन प्रणाली भने सुरक्षित रहेको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# प्रदेश सरकारसँग सहकार्य गरेर नै अघि बढ्छौं : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले मुलुक बनाउने जिम्मेवारी सबैको भएको बताएकी छन्। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार सातै प्रदेशका मुख्यमन्त्रीसँग भएको बैठकमा उनले भनिन्,'हामी सबै मिलेर मुलुक बनाउने हो । हामीले नसुधारे कसैले सुधारिदिँदैन । त्यसैले जेजस्ता समस्या छन्, मिलेर समाधान गरौँ ।'

प्रधानमन्त्री कार्कीले आफू राजनीतिक नेता नभएको र परिस्थितिले यहाँ ल्याइपुऱ्याएको बताउँदै गत भदौ २३ गतेअघिसम्म त यो परिस्थिति आउला भन्ने अनुमान पनि नभएको उल्लेख गरिन् । जेनजीहरूको सुरुको माग भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा रहेको बताउँदै उनले अहिले धेरैथरी जेनजी देखापरेका तथा धेरै माग आउन थालेको उल्लेख गर्नुभएको उनको सचिवालयले जनाएको छ ।

'कतिपय जेनजी यहीँ आएर चर्का कुरा गरेर जान्छन् । कतिपय यहाँभित्र ठीकठाक हुन्छन्, बाहिर गएर मनोमानी बोल्छन् । जेसुकै भए पनि ती सबै हाम्रा छोराछोरी हुन्', प्रधानमन्त्री कार्कीले भनिन्,'सिक्दै छन् । कतिपय त निकै नै परिपक्व कुरा पनि गर्छन् । हामीले भन्दा धेरै कुरा उनीहरूले जानेका छन् ।'

प्रधानमन्त्री कार्कीले आफूहरु प्रदेश सरकारसँग सहकार्य गरेर नै अघि बढ्ने उल्लेख गर्दै संविधानले दिएको परिधिभित्रै रहेर काम गर्ने बताइन् । संविधानले बनाएका संरचनाको सम्मान गर्नुपर्ने उनको भनाइ थियो ।

'स्थायित्वका लागि निर्वाचित सरकार नै चाहिन्छ । निर्वाचन र राजनीतिक दल एकअर्काका परिपूरक हुन् । राजनीतिक दल नभई यो व्यवस्था चल्दैन । त्यसैले स्वतन्त्र विज्ञ भनेर नाम चलेका व्यक्ति पनि चुनाव लड्न दल खोल्दै छन्', उनले भनिन्,'जेनजीहरूलाई पनि पार्टी खोलेर चुनावमा सहभागी होऊ र आफ्ना एजेन्डा जनताबाट अनुमोदन गराऊ भनेका छौँ । कोहीकोही बरालिएका छन्, कोही उग्र पनि छन् । उनीहरूले यो समयको संवेदनशीलता र अन्तरिम सरकारका सीमा बुझ्नुपर्छ ।'

निर्वाचनको वातावरण बनाउने सरकारको मुख्य प्राथमिकता भएको बताउँदै प्रधानमन्त्री कार्कीले सुरक्षा निकायका लागि बन्दोबस्तीका सबै सामानको व्यवस्था गर्न लागेको जानकारी गराइन् ।

'प्रहरीका लागि तत्काल आवश्यक गाडी खरिदको प्रक्रिया अघि बढिसकेको छ । छिमेकी मुलुकहरूले पनि सवारीसाधन उपलब्ध गराउँदै छन् । केही मित्रराष्ट्रले आर्थिक सहयोग गर्ने वचन दिएका छन्' उनले भनिन् ।

आन्दोलनमा क्षतिग्रस्त भएका प्रहरीका ९० प्रतिशत संरचना स्थानीय जनताले नै बनाइदिएको बताउँदै प्रधानमन्त्री कार्कीले यसले प्रहरीको मनोबल उकास्न र जनतासँगको सम्बन्ध थप कसिलो बनाउन मद्दत गरेको उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले भनिन्,'अहिलेभन्दा निकै प्रतिकूल अवस्थामा पनि चुनाव भएको छ । जेनजीहरूले पनि चुनाव हुनुपर्छ र अहिलेको अवस्थामै गर्न सकिन्छ भनेका छन् । दलहरूसँगको संवादले अझै बढी चुनावका पक्षमा वातावरण बनेको महसुस भएको छ ।'

निर्वाचन आयोगलाई चाहिने १ सय २० प्रकारका सामग्रीमध्ये ९० प्रतिशतभन्दा बढी उपलब्ध रहेको र बाँकी व्यवस्थापन गर्न लागेको प्रधानमन्त्री कार्कीले बताइन् । आयोगले पनि तोकिएकै समयमा चुनाव गराउन सकिनेमा पूर्ण विश्वास दिलाएको उनको भनाइ थियो ।

लुटिएका र हराएका हतियार फेला पर्दै गएका र प्राप्त हुन बाँकी रहेका हतियारको पनि लोकेसन पत्ता लागिसकेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले भागेका कैदी पनि फर्कन लागेका बताइन् । सुरक्षित वातावरण बन्छ भन्नेमा ढुक्क हुन आग्रह गर्दै उनले यस कार्यका लागि प्रदेश सरकारले पनि भूमिका खेल्नुपर्नेमा जोड दिइन् ।

स्थानीय सरकारले पनि हातेमालो गर्नुपर्ने र तीनै तहका सरकारसँग समन्वय गरेर नै अघि बढ्ने बताउँदै प्रधानमन्त्री कार्कीले अबको छलफल स्थानीय सरकारका प्रतिनिधिसँग गर्ने जानकारी गराइन् ।

### सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता

बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताएका छन् ।

मुख्यमन्त्रीहरूले शान्ति सुरक्षाको विषय निर्वाचनको प्रमुख चुनौती रहेकाले यसमा गम्भीरताका साथ लाग्नुपर्ने धारणा राखेका थिए । संघ, प्रदेश र स्थानीय सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उनीहरूको भनाइ थियो ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भने, 'म एमालेको प्रतिनिधित्व गर्छु । हामी चुनावका विरोधी होइनौँ, तर चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस् । अबको निकास चुनाव नै हो ।'

यस्तै, 'जेनजी' प्रदर्शनका क्रममा क्षति पुगेका संरचना पुनर्निर्माणका लागि संघ सरकारले नै 'प्याकेज' ल्याउनुपर्ने मुख्यमन्त्रीहरूले सुझाव दिएका छन् ।

उनीहरुले खर्च कटौतीका लागि संघीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको पनि बताएका थिए ।

संघ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, १० लाखभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्नेजस्ता मार्गदर्शन गरेको थियो ।

'जेनजी' प्रदर्शनपछि उत्पन्न परिस्थितिका बीच गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको तर प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि भन्ने आशंका रहेको पनि मुख्यमन्त्रीको भनाइ थियो ।

मधेश प्रदेशका मुख्यमन्त्री जीतेन्द्रप्रसाद सोनार (सोनल)ले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गरे ।

मुख्यमन्त्रीहरूले 'डेडिकेटेड फिडर'को बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजस्वमा असर पर्नेतर्फ पनि ध्यानाकर्षण गराएका थिए ।

# काठमाडौं उपत्यकाको फोहोर फाल्न भइरहेको अवरोध हट्यो



**काठमाडौं/मस–** काठमाडौं उपत्यकाको फोहोर बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा विसर्जन गर्न विगत पाँच दिनदेखि भइरहेको अवरोध हटेको छ ।

अवरोध हटेपछि सडकमै अलपत्र परेका र काठमाडौंमा फोहोर लोड भएका गाडील्याण्डफिल्डसाइट गएका छन् । ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले बन्चरेडाँडा ल्याण्डफिल्ड साइटका स्थानीयले राखेका माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि अवरोध खुलेको हो ।

फोहोर विसर्जनमा स्थानीयले अवरोध गरेपछि समस्या समाधानका लागि मन्त्री घिसिङ, शहरी विकास सचिव गोपाल सिग्देल, काठमाडौं, नुवाकोट तथा धादिङका प्रमुख जिल्ला अधिकारी, काठमाडौं महानगरपालिका कार्यकारी अधिकृतसहितको टोली लिएर आइतबार बिहान बन्चरेडाँडा ल्यान्डफिल्ड साइटमा गएका थिए । टोलीले फोहोर विर्सन गर्ने ठाउँको स्थलगलत निरीक्षण गर्नुकासाथै ल्याण्डफिल्ड साइट पर्ने धादिङको धुनिवेशी नगरपालिकाका प्रमुख, नुवाकोटका ककनी गाउँपालिका अध्यक्ष, प्रभावित वडाका वडाध्यक्षहरु र स्थानीय बासिन्दासँग अन्तरक्रिया गरेको थियो ।

मन्त्री घिसिङले प्रभावित बासिन्दासँग विगतमा भएका सहमति एवम् सम्झौता कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका थिए ।

उनले सहमति कार्यान्वयको प्रक्रिया अगाडि बढाउन १५ दिनको समय माग गर्दै फोहोर फाल्न अवरोध नगर्न अनुरोध गरे । 'विगतमा धेरै सहमति भएका रहेछन्, मैले सबैको अध्ययन गरेको छु, अहिले म आवश्वास दिन आएको हैन, कार्यान्वयन गर्छु, फोहोर व्यवस्थापनका लागि अवरोध नगरिदिनुहोस्, अवरोध हटाएर एउटा सन्देश दिनुहोस्, बल प्रयोग गरेर नभई प्रभावितसँग वार्ता र सम्वादमार्फत सौहार्दपूर्ण रुपमा समस्या समाधान गर्छौं,' उनले स्थानीयलाई अनुरोध गर्दै भने ।

'फोहोर व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन योजनासहित अगाडि बढ्छौं, अल्पकालीन रुपमा गर्न सकिने काम काम तत्काल अगाडि बढाउँछौं, विगतमा भएका सहमति कार्यान्वयनका लागि गर्नुपर्ने नीतिगत निर्णय गर्छौं ।'

स्थानीयले उठाउँदै आएको लिच्चड व्यवस्थापनका लागि शहरी विकास मन्त्रालयको संयोजनमा सबै सरोकारवाला निकाय सम्मिलित समिति बनाइने भएको छ । पोखरीमा जम्मा भएको लिच्चडलाई खोलामा जान नदिन रिसाइकल गर्न तत्काल पम्प सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ । हाल पम्प बिग्रिएको छ । ल्याण्ड फिल्ड साइटमा जथाभावी फोहोर फालिएको गुनासो सम्बोधन गर्न शहरी विकास मन्त्रालय,काठमाडौं महानगरपालिका र प्रभावित पालिकाका १/१ जना प्रतिनिधि रहने गरी अनुगमन समिति बनाइने भएको छ ।

रात्रिकालीन फोहोर व्यवस्थापन गर्न साइटमा आवश्यक पर्ने वत्तिको व्यवस्था गरिने प्रतिबद्धता जनाउँदै मन्त्री घिसिङले सोमबारबाटै वत्ति राख्न सुरु गरिने उल्लेख गरे । यसका लागि उहाँले प्राधिकरणका कार्यकारी निर्देशक र नुवाकोट वितरण केन्द्र प्रमुखलाई निर्देशन दिइसकेका छन् । वैज्ञानिक व्यवस्थापनका लागि फोहोर छुट्याउन विभिन्न ठाउँमा पहिचाहन गरिएका सार्वजनिक जग्गा स्थानीय तहलाई उपलब्ध गराउन मन्त्रिपरिषद्बाट आवश्यक निर्णय लिइने उनले बताए ।

ल्याण्डफिल्ड साइटबाट प्रभावित हुने क्षेत्रको यकिन गर्न चार सिजनको तथ्यांक आवश्यक पर्ने भएकाले पूरक वातावरणीय प्रभाव मूल्यांकन (इआइए)सम्पन्न गर्न केही समय लाग्ने देखिएकाले यस्तो अवस्थालाई बुझिदिन उनले स्थानीयलाई आग्रह गरे ।

मन्त्री घिसिङले इआइएपछि प्रभावित क्षेत्रको पहिचान हुने भएकाले सोही बमोजिम जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढ्ने बताए । दीर्घकालीन रुपमा फोहोर व्यवस्थापनका लागि लगानी बोर्डले अगाडि बढाइएको प्रक्रियामा भएको कानूनी अड्चन काठमाडौं उपत्यकाका मेयर्स फोरमलाई समेत सहभागी गराएर समाधान गरिने उनले उल्लेख गरे ।

धुनिवेशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्य, ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङ, प्रभावित वडाका वडाध्यक्ष, स्थानीय सरोकारवालाले विगतमा सहमति हुने तर कार्यान्वयन नहुँदा फोहोर विसर्जनको समस्या बारम्बार आउने गरेको बताए ।

उनीहरुले दीर्घकालीन फोहोर व्यवस्थापनका लागि कार्ययोजनासहित अगाडि बढ्नुपर्ने, फोहोर फाल्ने स्थान र मानिसलाई छुट्याउनुपर्ने, विगतमा गरिएका सहमति सम्झौता कार्यान्वयन गरिनुपर्ने बताएका थिए ।

# भोजपुरको देउराली उद्यान आकर्षक स्थल



**भोजपुर/मस–** देउरालीमा निर्माण गरिएको उद्यान (पार्क) अहिले जिल्लामा आउने आगन्तुकका लागि मन रमाउने सुन्दर स्थल बनेको छ । स्थानीय युवाको सक्रियता र सामूहिक प्रयासका कारण यो स्थान अहिले जिल्लाको नयाँ पहिचान बन्दै गएको छ ।

यस उद्यानको संरक्षण र सरसफाइमा बिहानी फुटबल क्लबका युवाहरूको निरन्तर योगदान रहेको सचिव रिपेश भुजेलले जानकारी दिए । युवाहरूले राष्ट्रिय झण्डा, फूलका गमला र बस्नका लागि फलैँचा निर्माण गरेर उद्यानलाई आकर्षक र व्यवस्थित बनाएका छन् । उद्यानको प्रवेश भागमा खुकुरीको प्रतिमा स्थापनाले यहाँ आउने आगन्तुकको ध्यान झन् बढी तान्ने गरेको छ । यहाँ भोजपुर नगरपालिकाले खुकुरीको प्रतिमा निर्माण गरेको हो ।

क्लबका युवाहरूले राखेका राष्ट्रिय झण्डाको नियमित हेरचाह र फेरबदलसमेत गर्दै आएका छन्, जसले पार्कलाई सदैव स्वच्छ र आकर्षक बनाएको छ । युवाको सक्रियताबाट प्रेरित भई यहाँका अन्य समाजसेवीहरूले पनि व्यक्तिगत पहलमा फलैँचा निर्माण र सजावटमा सहयोग गरेका छन् ।

युवाहरूको यस निरन्तर प्रयासले देउराली सुन्दरसँगै भोजपुरकै गर्वको स्थल बन्ने दिशामा अघि बढेको सुरुआती अभियान सञ्चालन गरेका युवा प्रकाश किरातले बताए ।

युवाहरूले थालेको अभियानलाई विभिन्न संघसंस्था तथा व्यक्तिहरूको सहयोगले पूर्णता दिएको उनको भनाइ छ । सुन्दर प्राकृतिक दृश्यले सजिएको देउराली उद्यान अहिले फुर्सदको क्षण बिताउने र दृश्यावलोकन गर्ने प्रमुख स्थल बनेको छ । बिहान र साँझको समयमा यहाँ दर्जनौँ आगन्तुकहरू प्रकृतिको आनन्द लिन आउने गरेका छन् ।

# नर्सरीबाट वार्षिक ४० लाख आम्दानी



**सुनसरी/मस–** इटहरीका सफल उद्यमी केदार अधिकारी फूल र बिरुवाको व्यवसायमार्फत आत्मनिर्भर बनेका छन् ।

बाल्यकालदेखि नै बोटबिरुवासँगको माया बोकेका उनले पुर्ख्यौली पेसालाई निरन्तरता दिँदै २०४३ सालमा इटहरी उपमहानगरपालिका-६ मा 'पशुपति नर्सरी' स्थापना गरे । सुरुवातमा करिब दुई लाख ५० हजार लगानीमा सुरु गरिएको यो नर्सरी अहिले एक करोडभन्दा बढी लगानीमा रूपान्तरण भएको छ । यही नर्सरीबाट वार्षिक ३५ लाखदेखि ४० लाखसम्म आम्दानी हुने गरेको अधिकारी बताउँछन् ।

अधिकारीका हजुरबुबा र बुबाले फूल तथा बिरुवाको व्यवसाय सुरु गरेका थिए । हजुरबुबाबाट प्रेरित भएर उनका बुबाले सुपारीको बिरुवा उत्पादन सुरु गरे । अधिकारीले भने, 'बुबा सुपारीका बिरुवादेखि विभिन्न प्रजातिका फूल र फलफूलका बिरुवा उत्पादन गरेर बिक्रीका लागि वीरगञ्ज, बुटवल, नारायणगढसम्म पुग्नुहुन्थ्यो ।'

सानो उमेरमा बुबासँगै बिरुवामा पानी हाल्ने, गोडमेल गर्ने र फूल रोप्ने काम अधिकारीका लागि खेलभन्दा पनि बढी खुसीको विषय थियो । उनी सम्झन्छन्, 'बुबा बिरुवा रोप्नुहुन्थ्यो, म त्यसमा पानी हाल्थेँ । त्यसैमा सन्तोष मिल्थ्यो, त्यही कामप्रति मोह र लगाव बढ्दै जाँदा पछि यहीँ पेसा रोजे । फूल र बिरुवासँगको सम्बन्ध मेरो आत्मासँग गाँसिएको छ ।'

केही समयअघि मात्र क्यानाडा पुगेका अधिकारीलाई त्यहाँको आधुनिक जीवनशैलीले लोभ्याए पनि मन भने सधैँ नेपालमै थियो ।

उनलाई अरूको देशमा गएर दुःख गर्नुभन्दा आफ्नै ठाउँमा सानो भए पनि व्यवसाय गर्नु गर्वको कुरा लाग्यो । दुई वर्ष नबित्दै स्वदेश फर्किएर अधिकारी अहिले इटहरीमा तीन नर्सरी शाखा स्थापना गरी सञ्चालन गरिरहेका छन् ।

हाल अधिकारीको नर्सरीमा सात युवाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

'देशमै बस्न पाउनु, यहीँ आम्दानी हुनु र अरूलाई पनि रोजगारी दिन सक्नु साँच्चिकै सन्तोषको कुरा रहेछ', अधिकारी भने

पशुपति नर्सरीमा अहिले २५ सयभन्दा बढी प्रजातिका बिरुवा छन् । मनिप्लान्ट, टर्मिनेलिया, चाइनादल, भियतनामी नरिवल, थाइकिङ जामुन, अम्बक, सुपारीलगायत विदेशी बिरुवादेखि सिजनल फूल र फलफूलका विभिन्न प्रजातिका बिरुवा यहाँ पाइन्छन् । केही बिरुवा कोलकाता, मुम्बई, काठमाडौँ र चीनबाट आयात हुने र केही यही आफैँले उत्पादन गर्ने गरेको अधिकारीले बताए ।

अधिकारीले सञ्चालन गर्नुभएको नर्सरी अहिले इटहरीकै आकर्षण बनेको छ । यहाँ आउने जोकोही बिरुवाको विविधता र सुन्दरता देखेर मोहित हुन्छन् । धेरै व्यक्ति किनमेलसँगै घुम्न, फोटो खिच्न र फूलबारीमा रमाउनका लागि आउने गरेका उनको भनाइ छ ।

अधिकारीका अनुसार अहिले धेरै जसो टिकटक, युट्युब, गुगललगायत अनलाइन माध्यममार्फत माग आउने गरेको छ । 'हामीले देशभर 'डेलिभरी' गर्ने गरेका छौँ । देशमा सम्भावना छैन भनेर विदेशिने युवाका लागि धेरै सम्भावना नेपालमै छ । लगन, मेहेनत र विश्वास भए पर्याप्त आम्दानी गर्न सकिन्छ । फूल र बिरुवाले मलाई आर्थिक मात्र होइन, आत्मिक सन्तुष्टि पनि दिएको छ', उनले भने ।

# तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित दुई जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दाङको गढवा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लालबहादुर योगी र बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रालिका प्रबन्ध निर्देशक लक्ष्मण कुमार रानाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचारको आरोपपत्र दायर गरेको छ ।

अख्तियारका अनुसार उनीहरूले राप्ती नदी क्षेत्रबाट सम्झौताभन्दा बढी परिमाणमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन गरी त्यसको राजस्व असुल नगरी ९५ लाख ९८ हजार रुपैयाँ बराबरको राजस्व हिनामिना गरेको पाइएको छ ।

गढवा गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रालिसँग वडा नं १ को पत्रिङ्गा घाटदेखि जेठानगाउँ घाटसम्मको क्षेत्रबाट ७२ हजार २ सय ८५ घनमिटर नदीजन्य पदार्थ उत्खनन् ठेक्का सम्झौता गरेको थियो ।

तर,२०७७ साउन १३ गते गरिएको नापजाँचमा १ लाख १० हजार ६ सय ३८ घनमिटर नदीजन्य पदार्थको स्टक प्रमाणित भएको देखियो, जुन सम्झौताभन्दा बढी भएको अख्तियारको आरोप पत्रका उल्लेख छ । गाउँ कार्यपालिकाले २०७७ पुस ३ गते बढी उत्खनन भएको परिमाणको राजस्व विभाज्यकोषमा जम्मा गर्न पत्राचार गर्ने निर्णय गरेको थियो ।

गाउँपालिकाले ठेक्का सम्झौता अनुसार बढी उत्खनन भएको परिमाणको राजस्व असुल गर्न पत्राचार गरे पनि, योगीले बैंक ग्यारेन्टी फुकुवा गरिदिने गरी पत्राचार गरी गाउँपालिकालाई हानी पुऱ्याएको ठहर गरिएको छ । आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाहीको माग गर्दै आइतबार विशेष अदालतमा आरोप पत्र दायर गरेको जनाएको छ ।

# नागरिक आरोग्य केन्द्र भवन उद्घाटन

**घुरन यादव/मध्यान्ह**
सप्तरी, १६ कात्तिक



सप्तरीको बलान बिहुल गाउँपालिकामा नागरिक आरोग्य केन्द्र भवनको उद्घाटन गरिएको छ । आइतबार एक विशेष समारोहकाबीच भवनको उद्घाटन गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, प्रमुख प्रशासकीय अधिकृत रमेश यादव, स्वास्थ्य संयोजक पवन यादव, बुद्धिजीवी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष यादवले गाउँपालिकाभित्रका नागरिकलाई डाइबिटिज, ग्यास्ट्रिक लगायतका रोगको निःशुल्क परामर्श र औषधि सेवा प्रदान गरिने जानकारी दिए । उनले नागरिक आरोग्य केन्द्र सञ्चालनमा आएपछि स्थानीयलाई स्वास्थ्य सेवा सहज र सुलभ हुने विश्वास व्यक्त गरे ।



मध्यान्ह
www.madhyanhadaily.com
१७ कात्तिक २०८२ सोमबार
3 November 2025 Monday

## सम्पादकीय

# दलहरू आआफ्ना कित्तामा उभिऊन्

जेनजी विद्रोहपछि राष्ट्रिय राजनीतिक नयाँ ध्रुवीकरणको संकेत देखिएको छ । दलहरू एकता हुने र त्यसप्रति असहमति राख्दै विभाजन हुने शृंखला पनि सँगै चलेको छ । विघटित प्रतिनिधि सभाको तेस्रो दल माओवादी केन्द्रको नेतृत्वमा आइतबार आठ वाम घटकबीच एकताको सहमति भयो । सशस्त्र विद्रोहबाट संसदीय राजनीतिमा आएको सो पार्टीले अन्ततः आफ्नो वैचारिक लाइन माओवाद परित्याग गरेको छ । त्यस्तै, एकीकृत समाजवादीले जनताको बहुदलीय जनवाद छाडेर एकता रोजेको छ । मार्क्सवाद र लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मानेर एकठाउँ उभिँदा ती दलहरू विभाजनको खतरा पनि मोलेका छन् । एकीकृत समाजवादी विभाजन भइसकेको छ भने माओवादी केन्द्र विभाजनको संघारमा पुगेको छ । यसले दलहरू एकता र विभाजनसँगै नयाँ ध्रुवीकरणमा जाँदै छन् ।

विगतमा दलहरूले चुनाव जित्न विचार मिल्ने/नमिल्ने जस्तोसुकै गठबन्धन बनाए । एउटा गठबन्धन बनाएर चुनाव जित्ने र नतिजा आउनासाथ अर्को गठबन्धन बनाएर सत्तामा पुग्ने अराजनीतिक हर्कतसमेत भए । राजनीतिक रूपमा बिल्कुल भिन्न धारका नेपाली कांग्रेस र माओवादी केन्द्र, नेकपा एमाले र राप्रपाका असंगत गठबन्धनले वाक्कदिक्क भएका आमनागरिकमा सबै दल र विचार उस्तै हुन् भन्ने भइसकेको थियो । दशक लामो सशस्त्र विद्रोहबाट आएको माओवादी केन्द्र पनि पुरानै संसदीय खेलमा सामेल भएको थियो । मधेस केन्द्रित दल होस् वा राप्रपा अथवा भर्खरै उदाएको रास्वपा सबै सत्ताको खेलमा लिप्त थिए । जेनजी विद्रोहमा पोखिएको असन्तुष्टि र आक्रोशमा दल तथा नेतृत्वप्रतिको त्यही वितृष्णा छताछुल्ल भएको भन्दै विश्लेषण भइरहेको छ ।

राजनीति सत्ता प्राप्तिको खेल मात्र होइन । आफूले अंगालेको विचार र सिद्धान्तका आधारमा देशमा आमूल परिवर्तनको सपना देख्नु, जनताको विश्वास जितेर सरकारमा पुग्नु र आफ्नो घोषणापत्रअनुसार काम गर्नु हो । देश सुहाउँदो सही विचारले मात्र राजनीतिलाई सही दिशामा अघि बढाउँछ । तर पछिल्लो दशक राजनीति आदर्शविहीन बन्यो । चुनावदेखि चुनावसम्मको गोलचक्करमा फस्यो । दलका झन्डा, विचार र नेता भिन्न भए पनि व्यवहारमा सबै उस्तै देखिए । पछिल्लो परिवर्तनले दलहरूलाई विचारका आधारमा ध्रुवीकरण हुन, नेतृत्व हस्तान्तरण गर्न र दलहरू पुनर्गठन भई रूपान्तरण गर्न मौका प्रदान गरेको छ, यसले धमिलिएको राजनीति संग्ल्याउन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ । विचार मिल्ने वामपन्थी, लोकतान्त्रिक, उदारवादी वा दक्षिणपन्थी सबै दल आआफ्ना कित्तामा उभिनु राम्रो हो । तत्कालका लागि यसले उथलपुथलजस्तो देखिए पनि बिग्रेको राजनीति सुधार्न यो सकारात्मक छ ।

# खोजिनुपर्ने उत्तर : किन देश बल्यो ?

*जेन जेनेरेसनका मागहरू केवल युवाको आक्रोश होइन, विवेकको पुनर्जागरण हो । उनीहरूले राजनीति होइन, प्रणाली परिवर्तनको माग गरेका छन् ।*

अग्रलेख



● भानु पराजुली

नेपालको राजनीतिक परिदृश्य अहिले एक गहिरो संकटको भुमरीमा छ । यो केवल सत्ता हस्तान्तरणको खेल होइन, यो राष्ट्रको आत्मा, नागरिकको विश्वास र संविधानको नैतिक आधारमा परेको गहिरो आघात हो । अहिले देशको आत्मा बलिरहेको छ । कलिला युवा शहीद र घाइतेका मन चहराइरहेका छन् । जुन आज देशको सामूहिक पीडाको अभिव्यक्ति बनेको छ । त्योभन्दा पनि युवाहरूको सपाट र स्वच्छ माग त्यसै उब्जिएका होइनन् । मुलुकमा व्याप्त भ्रष्टाचार, अक्षमता र निराशाले सबैको मन, आशाको चिंगारी हराउँदै गएको थियो । हो, आगो लाग्यो, लाग्नु थियो, अब निभाउन विवेक, निष्ठा र संरचनागत सुधारको पानी चाहिएको छ । तर दुर्भाग्यवश, हाम्रो राजनीतिक र संवैधानिक माटो नै सुक्खा, दूषित र निष्प्राण बनेको छ । त्यसैले आज युवाको चाहना, जनआकांक्षा र संवैधानिक सुधारको माग केवल वैकल्पिक बहस होइन, यो राष्ट्रको अस्तित्वसँग जोडिएको अनिवार्य संवाद बनेको छ ।

### किन देश बल्यो ?

**नियुक्तिमा दलीय कुचक्र** : आज सार्वजनिक पदहरू, संवैधानिक निकायहरू र सरकारी संस्थाहरू दलीय भागबन्डामा बाँधिएका छन् । नेतृत्वको मापदण्ड 'को नेतासँग कति नजिक छ, कति दक्षिणा टक्राउँछ' भन्ने मापनमा सीमित बन्यो, न कि 'को कति योग्य र सक्षम छ' । जब योग्यता, इमानदारी र दक्षता बेवास्ता र दुरुत्साहन हुन्छन्, तब शासनको मेरुदण्ड नै कमजोर हुन्छ । यसले नीति निर्माणदेखि सेवा वितरणसम्म असक्षमता फैलाउँछ । नागरिकको भरोसा हराउँछ, र देशको विकास कागजको नक्सामा मात्र बाँच्छ । २३ र २४ को क्रान्तिले त्यसैको रोष पोखेको हो ।

**संस्थागत भ्रष्टाचार** : भ्रष्टाचार एउटा व्यवहार होइन, एउटा व्यवस्था बनेको छ । ठेक्का, नियुक्ति, नीति-निर्माण र न्याय प्रशासन-सबै तहमा 'कमिसन संस्कृति' घुसिसकेको छ । राजनीतिक दलहरू स्वयं अब 'भ्रष्टाचारका सिन्डिकेट'जस्ता बनेका छन्, जसले नीति आफ्ना व्यापारी सहयोगीहरूको हितमा लेखे, बनाए । यस्तो व्यवस्थामा इमानदार व्यक्ति बाँच्न कठिन भयो किनकि प्रणाली नै अपराधी उत्पादन गर्ने कारखाना बनेको छ ।

**आफैं बोक्सी–आफैं झाँक्री** : नेताहरूले आफैं सिर्जना गरेका संकटको समाधान गर्ने नाटक खेल्ने परम्परा गहिरिँदै गयो । उनीहरू नै अराजकता, अविश्वास र आर्थिक संकटको मूल स्रोत बने तर त्यसकै समाधानकर्ता पनि बनेर 'राष्ट्र रक्षक'को अभिनयसमेत गरे । जनताको बौद्धिकता, चेत र विवेकमाथि खेलिएको यो राजनीतिक नाटकले 'विश्वास' नामको पुँजीलाई खरानी बनाइदिएको थियो ।

**सत्ताका लागि अप्राकृतिक अभ्यास** : विचारधारा, विधि-विधान, नीतिगत दृष्टि वा जनम्यान्डेटको साटो सत्ताको लोभले विपरीत ध्रुवका दल एकै ठाउँमा उभिए । संविधानको मर्म र जनादेशको आत्मालाई तोडेर बनाइने यस्तो गठबन्धनले नीति-निर्माणलाई नै हास्यास्पद बनायो । सरकारहरूको आयु छोटो र कार्यक्षमता सीमित हुने कारण यही हो । सत्ता अब नीति-निर्माणको माध्यम होइन, 'भागबन्डाको बजार' बन्न पुग्यो, जहाँ सिद्धान्त र निष्ठा साटिन्छन् ।

अन्ततः दोष राजनीतिमा मात्र होइन, हामी नागरिकमा पनि छ । हामी तथ्यभन्दा हल्लामा रमाउँछौं, विश्लेषणभन्दा भावनामा बग्छौं र विवेकभन्दा आरोपको राजनीति गर्छौं । हामीले राजनीतिलाई सुधार्ने हैसियत त्यतिबेला मात्रै पाउँछौं, जब हामी प्रश्न गर्न, बुझ्न र मूल्यांकन गर्न सिक्छौं । नागरिक चेतनाको यो कमजोरीले नै सत्तालाई निरन्तर गैरजवाफदेही बनाइरहेको थियो, जसलाई कलिला युवाहरूले तोडे ।

विवेकको पानी हाल्नेबेला देशको यो बलिरहेको मन निभाउन अहिलेको पुस्ता, विशेषतः जेन जेनरेसनले उठाएका मागहरू एउटा प्रणालीगत उपचार हुन् । यी मागहरू केवल नारामा सीमित छैनन्,



यी परिवर्तनको खाका हुन्, जसमा विवेक, जबाफदेहिता र सुशासनको आत्मा निहित छ ।

**प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री** : नेपालमा गठबन्धनको अस्थिर राजनीतिले देशलाई निरन्तर अविश्वास र अराजकतामा फसाएको छ । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको प्रणालीले यस समस्याको मूल उपचार गर्छ । यसले जबाफदेहिता बढाउँछ, जहाँ प्रधानमन्त्री सीधा जनताप्रति उत्तरदायी हुन्छन् । संसदको दलगत खेलले होइन, नागरिकको सिधै जनमतले उनको राजनीतिक भविष्य निर्धारण गर्छ । राजनीतिक स्थिरता बढाउन सहयोग पुग्छ, गठबन्धनको डोरीबाट मुक्त भएपछि सरकार दीर्घकालीन योजना बनाउन र कार्यान्वयन गर्न सक्षम हुन्छ । अर्कातर्फ सत्ता सन्तुलनमा टेवा पुग्छ, कार्यपालिका र व्यवस्थापिकाबीच स्पष्ट विभाजन रहँदा शक्ति दुरुपयोग घट्छ र पारदर्शिता बढ्छ ।

**राजनीतिक दलहरूमा पारदर्शिता** : दलहरू अहिले भ्रष्टाचारको मुख्य केन्द्र बनेका छन् । त्यसैले सुधार दलभित्रै सुरु हुनुपर्छ । आर्थिक पारदर्शिता र जबाफदेहिता दलहरूमा अनिवार्य छ । संविधानको दल विशेषका भाग र धाराहरू निर्मम भएर संशोधन आवश्यक छ । दलहरूले पाउने चन्दा, अनुदान र सरकारी सुविधा सार्वजनिक गर्नुपर्छ । दलहरूको आन्तरिक लोकतन्त्र नामेट भएको छ । दलभित्र नेतृत्व चयन, नीति-निर्माण, र निर्णय प्रक्रिया लोकतान्त्रिक बनाउँदा योग्य नेताहरू माथि उठ्न सक्छन् । यसले नातावाद र स्वार्थका जरा काट्छ ।

**निर्वाचन प्रणालीमा सुधार** : वर्तमान मिश्रित निर्वाचन प्रणालीले समानुपातिकताका नाममा दलगत एकाधिकार बढाएको छ । सांसदहरू जनताप्रति होइन, दल र नेतृत्वप्रति जिम्मेवार बनेका छन् । समानुपातिक बन्द सूची प्रणालीले प्रतिनिधित्वमा समावेशिता त देखाउँछ तर यसले जनताको प्रत्यक्ष अधिकार र जबाफदेहितालाई कमजोर बनाउँछ, पार्टी नेताको नियन्त्रण बढायो, योग्यताको साटो चाकरी संस्कार फैलायो । भ्रष्टाचार र नातावादका बढेका बर्गेल्ती प्रमाण छन् । यसलाई सुधारेर खुला प्रतिस्पर्धात्मक प्रणाली ल्याउन जरुरी छ, जसले सांसदलाई आफ्नो क्षेत्र र मतदातासँग प्रत्यक्ष जबाफदेही बनाओस् ।

**संवैधानिक निकायहरूको सुदृढीकरण** : विश्वासको पुनर्स्थापना संवैधानिक निकायहरू बढे पनि तिनको प्रभाव न्यून छ । आयोग र परिषद्हरू राजनीतिक सौदाबाजीको केन्द्र बनेका छन् । नियुक्ति प्रक्रिया पूर्ण पारदर्शी र योग्यतामा आधारित हुनुपर्छ । संरचनागत सुधारमा समान प्रकृतिका र दोहोरोपन देखिएका आयोगहरूलाई विलय गरेर कम तर

> *हो, आगो लाग्यो, लाग्नु थियो, अब निभाउन विवेक, निष्ठा र संरचनागत सुधारको पानी चाहिएको छ । तर दुर्भाग्यवश, हाम्रो राजनीतिक र संवैधानिक माटो नै सुक्खा, दूषित र निष्प्राण बनेको छ ।*

सक्षम र स्वायत्त निकाय बनाउनुपर्छ । जस्तै, महिला, दलित, आदिवासी, थारु, मधेश आदिको एउटा समावेशी आयोग बनाउन सकिन्छ ।

**संघीयता पुनरावलोकनको आवश्यकता** : संघीय संरचनाले प्रारम्भमा आशा जगाएको थियो तर व्यवहारमा आर्थिक बोझ र प्रशासनिक जटिलता बढाएको छ । सात प्रदेश सञ्चालन गर्न देशको राजस्वले धान्न सकेको छैन । अबको आवश्यकता भनेको कि प्रदेशहरू खारेज होइन, भने प्रदेशहरूको संख्या घटाउने, सीमांकन पुनर्निर्धारण गर्ने वा तिनलाई प्रशासनिक इकाइमा रूपान्तरण गर्ने हो । संघीयताको मर्म जनताको नजिक शासन पुर्‍याउने हो, न कि तह बढाएर खर्च बढाउने ।

अन्त्यमा, यी सुधार केवल कानुनी संशोधन होइनन्, यो सोच र संरचनाको पुनर्जन्म हो । तर प्रश्न उठ्छ- यस्तो परिवर्तन कसले गर्ने ? संसद् छैन, यदि हुँदो हो त पनि स्वयं समस्याको केन्द्र थियो । त्यसैले संसद् पुनर्स्थापनाको सवाल व्यर्थको हो, जसबाट समाधानको अपेक्षा गर्नु निरर्थक हुन्छ । त्यसैले अब एउटा बाटो खुला छ- संविधान संशोधनको औपचारिक मार्ग, जसमा युवाको क्रान्तिले ल्याएको जनमतमा आधारित अन्तरिम सरकारद्वारा जारी अन्तरिम विधान, जसले संविधानलाई संशोधन गर्न सकोस् र भावी निर्वाचनमार्फत आएको जनादेश लिएर नयाँ सुधारका साथ प्रभावकारी रूपमा लागू गर्न सकोस् । नेपाल आज एउटा निर्णायक मोडमा उभिएको छ । जेन जेनेरेसनका माग केवल युवाको आक्रोश होइन, विवेकको पुनर्जागरण हो । उनीहरूले राजनीति होइन, प्रणाली परिवर्तनको माग गरेका छन्- जहाँ इमानदार नेतृत्व, पारदर्शी शासन र उत्तरदायी नागरिकता केन्द्रमा रहोस् ।

## इतिहासमा आज

३ नोभेम्बर १९७९ मा संयुक्त राज्य अमेरिकाको उत्तरी क्यारोलिनाको ग्रिन्सबोरोमा 'डेथ टु द क्लान' र्‍यालीमा कम्युनिस्ट वर्कर्स पार्टीका पाँच सदस्यहरूलाई गोली हानी मारिएको थियो । जुन घटनामा सात जना घाइते भएका थिए ।




३ नोभेम्बर १९८८ मा श्रीलंकाली तमिल भाडाका सैनिकहरूले माल्दिभ्स सरकारलाई उल्टाउने प्रयास गरे । राष्ट्रपति मौमुन अब्दुल गयुमको अनुरोधमा, भारतीय सेनाले २४ घण्टाभित्र विद्रोहलाई दबाएको थियो ।



३ नोभेम्बर १९९७ मा आफ्नै नागरिकहरूको मानवअधिकार उल्लंघन र मध्य पूर्व र पूर्वी अफ्रिकाभरि इस्लामिक अतिवादी समूहहरूलाई सहयोग गरेको आरोपमा अमेरिकाले सुडानविरुद्ध आर्थिक प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।



३ नोभेम्बर २०१४ मा सेप्टेम्बर ११ को आक्रमणमा ध्वस्त भएपछि ट्विन टावरहरूलाई प्रतिस्थापन गर्दै अमेरिकाले न्युयोर्कमा वान वर्ल्ड ट्रेड सेन्टर आधिकारिक रूपमा खुला गरेको थियो ।



# विश्वविद्यालय सुधारका उपाय

विचार



● रूपा अर्याल

> *विश्वविद्यालयको स्वायत्तता र शैक्षिक नेतृत्वको महत्वलाई बुझ्न आवश्यक छ । विश्वविद्यालयले आफ्नो शैक्षिक उन्नयनका लागि स्वतन्त्र रूपमा कार्य गर्न सक्छ भने मात्र त्यहाँको शैक्षिक गुणस्तरमा सुधार सम्भव हुन्छ ।*

नेपालका विश्वविद्यालयहरू आज विभिन्न समस्याले जकडिएका छन् । यसका एक प्रमुख कारण राजनीतिक हस्तक्षेप हो, जसले विश्वविद्यालयहरूको शैक्षिक र संस्थागत विकासमा अवरोध पुर्‍याइरहेको छ । शिक्षामन्त्री महावीर पुनले हालै एक समारोहमा विश्वविद्यालयहरूको शैक्षिक उन्नयनमा बाधक रहेको राजनीतिक व्यक्तिहरूको नियुक्ति व्यवस्थालाई समाप्त गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । उनका अनुसार यस्तो कदमले विश्वविद्यालयको नेतृत्वलाई राजनीतिक आस्थाको सट्टा शैक्षिक योग्यता र नेतृत्व क्षमताका आधारमा चयन गर्ने मार्ग खोल्नेछ ।

हुन पनि नेपाली विश्वविद्यालयहरूको इतिहासमा, कुलपति र उपकुलपतिका पदहरू प्रायः राजनीतिक व्यक्तिहरूको हातमा रहनु स्वाभाविक बनिसकेको छ । खासगरी, गणतान्त्रिक शासनको आगमनपछि राजनीतिक व्यक्तिहरूले शैक्षिक संस्थानहरूको नेतृत्वमा नसुहाउँदो पहुँच कायम बनाएका छन् । यही प्रक्रिया राजनीतिक नियुक्तिहरूमा अड्किएको छ, जसले शैक्षिक गुणवत्तामा ठुलो असर पुर्‍याएको छ । यस परिप्रेक्ष्यमा, विश्वविद्यालयलाई सुधार्ने क्रममा राजनीतिक हस्तक्षेपको अन्त्य गर्नुपर्ने आवश्यकता बलियो बनेको छ ।

नेपाली विश्वविद्यालयहरूको नेतृत्व सधैं राजनीतिक चलखेलमा अड्किएको छ । उपकुलपतिका पदहरू खाली हुँदा नेताहरूले आफ्ना कार्यकर्तालाई नियुक्त गर्न सक्रिय भइरहेका छन् । यसरी नियुक्त भएका व्यक्तिहरू शैक्षिक दृष्टिले सक्षम नहुन सक्छन्, जसले विश्वविद्यालयको भविष्य अन्धकार पार्न सक्छ । विश्वका चर्चित विश्वविद्यालयहरूले नेतृत्वका लागि शैक्षिक दक्षता र गुणस्तरलाई प्राथमिकता दिइरहेका छन्, त्यसैले नेपालका विश्वविद्यालयहरूले पनि योग्य व्यक्तिहरूलाई नेतृत्वका लागि चयन गर्नु अत्यन्त आवश्यक छ ।

उदाहरणका लागि, क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजी (क्यालटेक)लाई लिन सकिन्छ । सानो आकारको यो विश्वविद्यालयले अहिले विश्वभरिका सबैभन्दा सफल वैज्ञानिकहरूको जन्मभूमि बनेको छ । यसको संस्थापक जेम्स स्रेरर र पछि प्राध्यापक रबर्ट मिलिकनको नेतृत्वमा क्यालटेकले विश्वकै सबैभन्दा ठुलो अनुसन्धान केन्द्रका रूपमा आफ्नो स्थान निर्माण गरेको हो । यसमा मिलिकनको नेतृत्वले महत्वपूर्ण भूमिका निभाएको थियो, जसको कार्यकालमा विश्वविद्यालयले ४९ वटा नोबेल पुरस्कार जिते । क्यालटेकले आफ्ना विश्वविद्यालयका नेतृत्वकर्तालाई विश्वभरका उत्कृष्ट वैज्ञानिकहरूको चयन गर्नमा केन्द्रित गर्‍यो र यसले विश्वका चर्चित अनुसन्धानकर्मीहरूलाई विश्वविद्यालयमा भित्र्यायो ।

यसरी, नेपालको विश्वविद्यालयहरूलाई पनि शैक्षिक नेतृत्वको दृष्टिकोणमा पुनः विचार गर्न आवश्यकता छ । नेपालका विश्वविद्यालयहरूको नेतृत्व सक्षम प्राध्यापकहरूको हातमा पुर्‍याउनुपर्छ । यसका लागि शैक्षिक पद्धतिमा सुधार ल्याउनुपर्नेछ । नेपालको विश्वविद्यालय प्रणालीमा अनुसन्धानको स्तर र प्रभावकारिता हेरेर पदाधिकारीहरूको छनोट गर्न सकिन्छ । यसका लागि अनुसन्धानमा सफलता हासिल गरेका प्राध्यापकहरूलाई विश्वविद्यालयको नेतृत्वमा समावेश गर्नुपर्ने विचार राखिएको छ । यसले विश्वविद्यालयको शैक्षिक स्तरलाई एक नयाँ उचाइमा पुर्‍याउन सक्छ ।

विश्वविद्यालयको नेतृत्वको चयन गर्दा अनुसन्धानको उपादेयता र गुणस्तरको आधारमा चयन गर्नु महत्वपूर्ण छ । तर नेपालको शैक्षिक प्रणालीमा समस्या मात्र छैन । यहाँका राजनीतिक व्यक्तिहरूले शैक्षिक पद्धतिमा सुधारको आवश्यकता स्वीकार नगरी आफूलाई विश्वविद्यालयको नेतृत्वमा राख्न खोजिरहन्छन् । यसले विश्वविद्यालयहरूको शैक्षिक गुणवत्ता र दक्षता त कमजोर बनाउँछ नै, साथमा देशको भविष्यमा पनि प्रतिकूल असर पुर्‍याउँछ । यसकारण, विश्वविद्यालयहरूको नेतृत्वमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्नु आजको आवश्यकता बनिसकेको छ । शैक्षिक पद्धतिमा सुधार र नेतृत्वको योग्यतामा सुधारका लागि, सरकार र विश्वविद्यालय दुवैले मिलेर नीति बनाउनुपर्नेछ ।

विश्वविद्यालयको स्वायत्तता र शैक्षिक नेतृत्वको महत्वलाई बुझ्न आवश्यक छ । विश्वविद्यालयले आफ्नो शैक्षिक उन्नयनका लागि स्वतन्त्र रूपमा कार्य गर्न सक्छ भने मात्र त्यहाँको शैक्षिक गुणस्तरमा सुधार सम्भव हुन्छ । सरकारले विश्वविद्यालयको संस्थागत प्रभावलाई नियमन गर्न सक्ने भए पनि त्यहाँको नेतृत्व चयनमा सरकारको अनावश्यक हस्तक्षेप भने आवश्यक छैन । शिक्षामन्त्री महावीर पुनले प्रस्ताव गरेको परिवर्तनको पालना गर्दा, विश्वविद्यालयलाई शैक्षिक दृष्टिकोणबाट समृद्ध बनाउने दिशामा ठुलो कदम उठाउन सकिन्छ ।

पारदर्शिता र शैक्षिक योग्यतामा आधारित नियुक्तिहरूले विश्वविद्यालयलाई एक नयाँ दिशा दिन सक्छ । यसले विश्वविद्यालयमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्दै एक स्थिर र योग्य नेतृत्व निर्माण गर्न मद्दत पुर्‍याउँछ । नेपालको विश्वविद्यालयमा सुधार ल्याउने यो प्रक्रिया चुनौतीपूर्ण भए पनि यदि यहाँका नेताहरूले शैक्षिक सुधारको आवश्यकतालाई बुझेर काम गरे भने विश्वविद्यालय शैक्षिक दृष्टिकोणबाट समृद्ध बनाउने मार्गमा अगाडि बढ्न सक्छन् ।

अन्ततः, शिक्षामन्त्री महावीर पुनको प्रस्तावले शैक्षिक सुधारको दिशामा सार्थक कदम उठाउन सघाउनेछ । विश्वविद्यालयहरूको शैक्षिक उन्नयनका लागि, योग्य नेतृत्वको चयन र राजनीतिक हस्तक्षेपको अन्त्य महत्त्वपूर्ण छन् । यसले नेपालको उच्च शिक्षा प्रणालीलाई उच्चतम मापदण्डसम्म पुर्‍याउनेछ ।

## सामाजिक सञ्जाल



मुमाराम खनाल

जोजो नालायकका कारण मुलुक यति ठुलो दुर्घटनामा गयो, आज उनै नालायक यो दुर्घटनालाई अझै कसरी ठुलो बनाउन सकिन्छ भन्ने ध्याउन्नमा छन् । कमसेकम शेरबहादुर त साइड लागे तर कम्युनिस्ट नामका- ओली, दाहाल र नेपालको वितण्डा देख्दा उनीहरूको नियति धेरै नै दुःखद हुनेछ ।

फुटेपछि एकताको आवश्यकता याद गर्नु वाहियात हो । तर नेपालका वामपन्थी त्यही प्रवृत्तिबाट अभिसप्त छन् । मिसिने तर नमिल्ने हिन्द र प्रशान्त महासगर जस्ता । कारण गहिराइको चाप र नेतृत्वको राप । फुटभन्दा जुट राम्रो तर ढोक्सामा परेको माछी नहुनु अर्कोले तारेर खाए वा सुरुवा बनाएर पिए पनि हुने ।



गोकुल बास्कोटा



हरि रोका

सत्ता मात्र होइन अस्तित्व लोप हुने खतराले त्रसित नेतागण गम्भीर बहसमा छन् तर विद्रोहको कारण खोज्न केन्द्रित छैन । नयाँ सत्ता कब्जा गर्न उत्ताउलिएका छन्, समस्याको जडबारे प्रस्ट छैनन् । जेनजी वैचारिक रूपले संगठित थिएन । विद्रोहको जड मुलुकको अर्थ राजनीतिक संरचनामा अड्किएको छ कारण रहुन्जेल दोहोरिइनेछ ।

हेर्दा, हेर्दै माधवकुमार नेपालले बाठा हुँ भन्ने मान्छेहरू बेचे, एमालेलाई ल्याएर माके बनाई दिए । ओलीबाट ल्याए, पुष्पकमललाई बेचिदिए । व्यक्ति पछि लाग्नु, संस्थागत विकास नहुनुको परिणाम । समाउन, झुन्डिन सधैं व्यक्ति होइन, संस्था प्राथमिकतामा राख्नुपर्छ ।



विनोद न्यौपाने

# नागरिकको चाहनाअनुसार काम गरिराखेका छौं : नगरप्रमुख श्रेष्ठ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ कातिक



सन्धिखर्क नगरपालिका अर्घाखाँचीका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर नागरिकको चाहनाअनुसार काम भइरहेको बताएका छन् ।

सन्धिखर्क नगरपालिकामा आयोजित कार्यक्रममा बोल्दै नगरप्रमुख श्रेष्ठले नगरपालिका पशु र दुध उत्पादनमा आत्मनिर्भर भई आयआर्जनमा समेत अगाडि बढेको उल्लेख गर्दै समृद्ध र दिगो अर्थतन्त्र हासिल गर्ने दिशामा आफूहरू लागिपरेको बताए ।

उनका अनुसार जनप्रतिनिधि बनेपछि दुध उत्पादन गर्ने किसानलाई अनुदान, पशु रोग नियन्त्रण, डाले घाँस कार्यक्रम, पशु र कृषि प्रोफाइल तयारी, कृषि यन्त्रमा अनुदानलगायतका कार्यक्रम नगरपालिकामार्फत सञ्चालन भएपछि नगरभित्रका किसानहरू कृषि र पशुपालनतर्फ उत्साहित भएका छन् ।

श्रेष्ठले माटो परीक्षण, बिउ, विषादी व्यवस्था, भू-उपयोग नीतिलगायतका थुप्रै नियमकानुन निर्माण गर्दै भौतिक संरचनाका काम पनि अघि बढाइएको जानकारी दिए । उनका अनुसार आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि कृषि कार्यक्रमलाई बदलिँदो परिस्थितिअनुसार किसानमैत्री बनाएर अगाडि बढाउने उद्देश्यसहित नगरपालिकाले काम गरिरहेको छ। नगरप्रमुख श्रेष्ठले रोजगारीसँग जोडिएका पूर्वाधार विकासका कामहरू सञ्चालन गरिएको बताउँदै नागरिकले छिटोछरितो सेवा प्राप्त गर्ने, भ्रष्टाचारमुक्त र सुशासनमैत्री नगरपालिका चाहेको कारण सोही अनुसार काम गर्न कर्मचारीहरूलाई आग्रह गरेका छन् ।

शैक्षिक सुधारका लागि नगरपालिकाले विद्यालयहरूमा निरन्तर अनुगमन गर्ने, विद्यालय व्यवस्थापन समिति, प्रअ, तथा शैक्षिक व्यक्तिहरूसँग अन्तर्क्रिया गर्दै समयानुकूल शिक्षामा सुधार र गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक तथा प्रधानाध्यापकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

स्वास्थ्य क्षेत्रमा दक्ष चिकित्सकसहित आवश्यक स्वास्थ्यकर्मीको जिल्ला अस्पताल अर्घाखाँचीमा व्यवस्थापन गर्न जनप्रतिनिधिहरूले पहल गरेपछि अहिले जिल्ला अस्पतालसहित नगरपालिकाका स्वास्थ्य केन्द्रहरूबाट समेत सेवा प्रवाह भइरहेको नगरपालिका उपप्रमुख मिश्रा आचार्यले बताइन् ।

सन्धिखर्क नगरपालिकाले सबै वडा कार्यालयका प्रशासनिक भवनहरूको निर्माण अन्तिम चरणमा पुगेको र अब सबै वडाहरू आफ्ना भवनबाट सेवा दिन तयार रहेको जानकारी दिएको छ। स्वास्थ्य चौकिहरू पनि निर्माण हुँदैछन् ।

नगरप्रमुख श्रेष्ठले आन्तरिक स्रोत कम भएकाले जनताको सबै माग पूरा गर्न नसकिएको बताए । तर उनले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राखेर जनताको अपेक्षा र आवश्यकता अनुसार काम गरिरहेको दोहोऱ्याए ।

श्रेष्ठले थपे,'कार्यालयबाट हुने कुनै पनि काममा राजनीतिक गन्ध आउनु हुँदैन । मानिसहरूले आ-आफ्ना राजनीतिक आस्था बोकेका हुन्छन्, तर काममा त्यसको प्रभाव पर्नु हुँदैन । म जनभावनाअनुसार इमानदार भएर काम गर्न दत्तचित्त छु ।'

उनले इमानदारीपूर्वक काम गर्ने राष्ट्रसेवक कर्मचारीहरूलाई विनाकारण बदनाम गर्ने, धम्क्याउने वा थर्काउने प्रयास भए त्यसलाई सह्य नहुने चेतावनी पनि दिए ।

# सप्तरीमा झाडापखालाले एकै परिवारका तीन जनाको मृत्यु

**काठमाडौं/मस-** सप्तरीमा झाडापखालाले एकै परिवारका तीन जनाको मृत्यु भएको छ ।



छिन्नमस्ता गाउँपालिका-५, लोखरम मुसहरी टोलमा झाडापखालाको प्रकोप फैलिँदै जाँदा एकै परिवारका तीन जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा एक वर्षीय सञ्जीव सदा, चार वर्षीय रागिनी सदा र ७० वर्षीय लक्ष्मण सदा रहेका छन्। उनीहरूको हप्ता दिनको फरकमा मृत्यु भएको बताइएको छ। स्वच्छ खानेपानी र सरसफाइको अभाव, साथै बर्खायामको फोहोर पानीका कारण रोग फैलिएको हुन सक्ने आशंका गरिएको छ । जनस्वास्थ्य विज्ञहरूले दूषित पानीको परीक्षण गर्न र प्रभावित क्षेत्रको तत्काल सरसफाइ अभियान सञ्चालन गर्न सुझाव दिएका छन्।


## कुवेतमा रोजगार

कम्पनी: HOLIDAY INN KUWAIT ALTHURAYA CITY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२४६७१५ LT. No.: 303305 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 2 | स. काममा दक्ष | 140 | ६४,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bellman | 5 | 1 | | 120 | ५५,४१९ | | | | | | | |
| 3. | Cleaner/hotels | 7 | 7 | | 100 | ४६,१८३ | | | | | | | |
| 4. | Commi I / Chef / Cook | 10 | 5 | | 140 | ६४,६५६ | | | | | | | |
| 5. | Commi Ii / Chef / Cook | 8 | 3 | | 125 | ५७,७२८ | | | | | | | |
| 6. | Commi Iii / Kitchen Helper | 12 | 0 | | 100 | ४६,१८३ | | | | | | | |
| 7. | Demi Chef De Partie | 5 | 0 | | 175 | ८०,८२० | | | | | | | |
| 8. | Driver | 5 | 0 | | 170 | ७८,५११ | | | | | | | |
| 9. | Hk Attendant / Cleaner | 10 | 10 | | 110 | ५०,८०१ | | | | | | | |
| 10. | Housekeeping Supervisor | 1 | 1 | | 150 | ६९,२७४ | | | | | | | |
| 11. | Laundry Attendant | 10 | 5 | | 120 | ५५,४१९ | | | | | | | |
| 12. | Life Guard | 1 | 2 | | 140 | ६४,६५६ | | | | | | | |
| 13. | Pastry/baker | 5 | 0 | | 160 | ७३,८९२ | | | | | | | |
| 14. | Receptionist/gsa | 3 | 4 | | 135 | ६२,३४७ | | | | | | | |
| 15. | Security Guard | 5 | 0 | | 125 | ५७,७२८ | | | | | | | |
| 16. | Sous Chef | 2 | 0 | | 500 | २३०,९१५ | | | | | | | |
| 17. | Steward/dishwasher | 6 | 0 | | 100 | ४६,१८३ | | | | | | | |
| 18. | Tailor | 1 | 0 | | 140 | ६४,६५६ | | | | | | | |
| 19. | Technician | 2 | 0 | | 160 | ७३,८९२ | | | | | | | |
| 20. | Waiter/waitress | 15 | 9 | | 120 | ५५,४१९ | | | | | | | |

कम्पनी: NOMAD ENTERTAINMENT CO FOR RECREATIONAL & SCIENTIFICE PARKS MANAGEMENT W.L.L. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२४६७१६ LT. No.: 302350 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arcade Helper | 0 | 6 | सम्बन्धित काममा दक्ष | 110 | ५०,८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 1 | 2 | | 90 | ४१,५६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUPREME OVERSEAS PVT. LTD. Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202,
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : BRANCH OF NASER MOHAMMED AL-BADDAH & PARTNER CONTRACTING COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०४/१४ चलानी नं.: ६०२४१९६३ LT. No.: 328117 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION LABOURS | 50 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : INDUSTRIAL OIL PERFORMANCE COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०४/१३ चलानी नं.: ६०२४१८५९ LT. No.: 327990 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 10 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : BRANCH OF NASER MOHAMMED AL- BADDAH & PARTNER FOR CONTRACTING — शहर: Al-Khobar
पुर्व स्वीकृत मितिः २०८१/०७/०२ चलानी नं.: ६०२२६७९५ LT. No.: 312275 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

luna Govt. Lic. No. 799/065/066
Luna HR Solutions Pvt. Ltd.
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com


## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

### बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/०७/१७**

लेटाङ नगरपालिका आ.व.२०८२।०८३ मा (Construction of Causeway in Kolbote River) का लागि २०८२/०५/१६ मा बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तपसील बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | ठे.नं. | कार्य विवरण | घटी कवोल गर्ने निर्माण व्यवसायीको नाम | ठेगाना | बोलपत्रदरभाउपत्रको कबोल रकम मु.अ.कर र पिएस बाहेक |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2082-83/02 | Construction of Causeway in Kolbote River. | टाँडी निर्माण सेवा | मिक्लाजुङ न.पा-४, मोरङ | १३३५६१८।७९ |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**"पर्यटकीय नगरी"**
## सूर्योदय नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**फिक्कल, इलाम**
**कोशी प्रदेश, नेपाल**

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१७)**

यस कार्यालयबाट तपसिल बमोजिमका विभिन्न निर्माण कार्यको लागि मिति २०८२/०४/१४ र मिति २०८२/०५/१२ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरू न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| Contract ID : | Description of Work : | Lowest Evaluated Substantially Responsive Bidder: | Bid Price in NRs. (Including VAT and PS) : |
|---|---|---|---|
| SUMO/ILAM/NCB/ WORKS03-082/83 | Black topping works at Barbote Kattebung Chiruwa Road phase V | Vintage/S.C.I. J.V., Suryodaya Municipality-08 | 28,495,859.6 |
| SUMO/ILAM/NCB/ WORKKS04-082/83 | Black topping works at Rishi mode Gorkhe Manebhanjyang Road phase III | Vintage Construction and Suppliers Pvt. Ltd., Maijogmai-06,Ilam | 19,130,484.2 |
| SUMO/ILAM/ NCB/ WORKS05-082/083 | Upgrading of Various Roads of Ward No.-03 | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-03 | 3,860,755.15 |
| SUMO/ILAM/ NCB/ WORKS06-082/083 | Black topping and RCC Pavement Works at Various Roads of Ward No.-06 | Prabin Nirman Sewa, Ilam municipality-07 | 6,176,175.23 |
| SUMO/ILAM/ NCB/ WORKS07-082/083 | Upgrading of Various Roads of Ward No.-07 | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-03 | 4,662,200.09 |
| SUMO/ILAM/ NCB/ WORKS08-082/083 | Upgrading of Various Roads of Ward No.-13 | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-03 | 4,177,051.61 |
| SUMO/ILAM/ NCB/ WORKS09-082/083 | Upgrading of Various Roads of Ward No.-14 | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-03 | 3,896,030.78 |
| SUMO/ILAM/ NCB/ WORKS10-082/083 | Buddha Park Beautification Works | Durga Devi Nirman Company, Suryodaya municipality-08 | 1,650,305.82 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## Indrasarowar Rural Municipality
## Office of Municipal Executive
**Kulekhani, Makawanpur**

### Invitation for Sealed Quatation

**Date of Publication: 2082/07/17 B.S (03/11/2025 A.D)**

1. Indrasarowar Rural Municipality invites electronic Sealed quatation from eligible Suppliers for the Supply of below Mentioned goods under Sealed quatation procedures.

| S. N | Identification no: | Work Description | Total amount including VAT (NRs.) | Bid security amount (Rs) | Cost of Quatation Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IRM/SQ/MEDICINE/01/082/083 | Procurement and Supply of Essential Medicinal Items. | Rs.30,88,750.00 | Rs.65,000.00 | Rs.1,000.00 |
| 2 | IRM/SQ/BLANKET/02/082/083 | Procurement and Supply of the Blanket. | Rs.18,19,865.00 | Rs.50,000.00 | Rs.1,000.00 |

Information to deposit cost of bidding document and bid bond security in the bank.

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. For Bid Document Fee | Acc. Name: Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) Acc. No. 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Ac. Name: Sthaniya Taha Dharauti Khata(Indrasarowar Ga Pa) Acc. No. 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarowar Branch, Makawanpur | |

Information to submission of bid

| | |
|---|---|
| Last date and time of Bid Submission | 18/11/2025 at 12:00 pm |
| Date and Time Bid Opening | 18/11/2025 at 2:00 pm |
| Office | Indrasarowar R.M., Kulekhani, Makawanpur |

Eligible Bidder may obtain further information and bidding documents electronically at the website of Public Procurement Monitoring Office E-Gp System: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१७ कार्तिक २०८२ सोमबार
3 November 2025 Monday

# सत्संगको तेस्रो दिनसम्म १९ हजार बढीले गरे १ सय ८ शिवलिंग दर्शन

**तेज बन/मध्यान्ह**
सुनसरी, १६ कात्तिक

सुनसरीको इटहरी-२ आयुर्वेदिक टोलस्थित त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र, कोशी प्रदेशले आयोजना गरेको श्रीमद्भागवत धन्याञ्चल सत्सङ्ग कार्यक्रम आइतबार तेस्रो दिनमा प्रवेश गरेको छ ।

तेस्रो दिनसम्म भक्तजनहरूको ठूलो घुइँचो लागेको थियो भने केन्द्रकै संकल्पमा स्थापित १ सय ८ शिवलिंग दर्शन गर्न भक्तजनहरूको भीड बढ्दो छ ।



त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र, कोशी प्रदेशकी अध्यक्ष सुभद्रा प्याकुरेलका अनुसार श्रीमद्भागवत सत्सङ्गको तेस्रो दिनसम्म नेपालका विभिन्न जिल्ला र भारतका विभिन्न स्थानबाट आएका १९ हजार बढी भक्तजनहरूले १ सय ८ शिवलिंगको दर्शन गरेका छन् । कात्तिक १४ गते शुक्रबारदेखि सुरु भएको सत्सङ्ग कात्तिक २१ गतेसम्म सञ्चालन हुनेछ ।

कार्यक्रमको उद्घाटन कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री सदानन्द मण्डलले गरेका थिए भने दोस्रो दिन प्रदेशका मुख्यमन्त्री हिकमत कुमार कार्कीले सम्बोधन गरेका थिए । मुख्यमन्त्री कार्कीले इटहरी-२ मा स्थापना गरिएको १ सय ८ शिवलिंग क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध रहेको बताए ।

केन्द्रका कोशी प्रदेश उपाध्यक्ष हिरा आचार्यका अनुसार इटहरीलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने उद्देश्यसहित १ सय ८ शिवलिंगको स्थापना गरिएको हो । उनले भने, 'पहिले मान्छे हिँड्न डराउने ठाउँ अहिले धार्मिक आस्थाको केन्द्र बनेको छ, र भविष्यमा यो स्थान पर्यटकीय गन्तव्य बन्ने सम्भावना छ ।' स्थापित १ सय ८ शिवलिंगको प्राणप्रतिष्ठा विशेष अनुष्ठान भने कार्तिक १७ गते सोमबारदेखि १९ गते बुधबारसम्म हुने जनाइएको छ ।

सो अवसरमा देश-विदेशका धार्मिक एवं सामाजिक व्यक्तित्वहरूको सहभागिता रहनेछ । केन्द्रकी सचिव प्रतिक्षा प्राप्ती अधिकारीका अनुसार भारतका दिल्ली, सिलगुडी, सिक्किम, विहारलगायत क्षेत्र र नेपालको काठमाडौं, पोखरा, नवलपरासी, धरान, बराहक्षेत्र आदि स्थानबाट प्रतिनिधिहरू सहभागी हुनेछन् ।

प्राणप्रतिष्ठा समितिका संयोजक बाबुराम सुवेदीका अनुसार भक्तपुरमा बनेको कलात्मक नेपाली इँटाबाट निर्मित आसन र नेपालकै शिलाबाट शिवलिंग स्थापना गरिएको हो ।

उनले करिब ३६ लाख रुपैयाँ लागतमा जमिनसहित १ सय ८ शिवलिंग र हनुमानको मूर्ति निर्माण गरिएको बताए ।

कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयको समन्वयमा प्रदेश सरकारले सूचीकृत ८२ पर्यटन गन्तव्यलाई यस अवसरमा प्रचार-प्रसार गर्ने तयारी गरेको छ ।

इटहरीको सुकल्प सामुदायिक भवन, श्री विष्णु पाञ्चायन मन्दिर, धनकुटा-इटहरी सम्पर्क समाज, नेपाल शेर्पा संघलगायत संस्थाहरूको नजिक रहेको यो स्थललाई ८८'नमुना धार्मिक-पर्यटकीय गन्तव्य'८८ का रूपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

# मोना डेनमार्कले गर्‍यो बिरामीलाई आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ कात्तिक

डेनमार्कमा रहेका म्याग्देलीहरूको साझा संस्था मोना डेनमार्कले संस्थागत रूपमा जिल्लाका एक बिरामीलाई आर्थिक सहयोग गरेको छ ।

टाउकोमा गम्भीर स्वास्थ्य समस्याबाट पीडित म्याग्दीको रघुगंगा गाउँपालिका- २ भगवती, घट्ट निवासी ३४ वर्षीय प्रकाश बरुवालको उपचारका लागि १ लाख ३० हजार रुपैयाँ सहयोग गरेको हो ।

डेनमार्कमै कार्यरत बरुवालका छिमेकीसमेत रहेका राजीव कार्कीको विशेष पहलमा उक्त रकम संकलन गरिएको थियो ।




मोनाले प्रवासदेखि जिल्लाका विभिन्न स्थान तथा व्यक्तिहरूलाई आवश्यक परेको समयमा साथ सहयोग गर्दै आएको छ ।

रोजगारको सिलसिलामा दुबईमा रहेका बरुवालको दुबई को जेबेल अलि अस्पतालमा टाउकोको शल्यक्रिया गरिएको थियो ।

हाल थप उपचारका लागि न्युरो अस्पताल काठमाडौंमा उपचार गराइरहेका बरुवालको टाउकोको हड्डी पुन: राख्नका लागि शल्यक्रिया सहितको उपचार गर्नुपर्ने भएकाले सहयोगदाताबाट सहयोगको अपिल गरिएको कार्कीले जानकारी दिए । घर मुली समेत आफै रहेका बरुवाल आफै बिरामी भएको र परिवारको अन्य आम्दानीको स्रोत नभएपछि उपचारमा समस्या भएको छ । साना छोराछोरी रहेको बरुवालको आम्दानीको स्रोत केही पनि छैन ।


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

बली राज कार्कीको नाति, पदम बहादुर कार्कीको छोरा, रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. १ बस्ने, यस बैंकको शिवालय शाखा कार्यालयको खातावाला टेक बहादुर कार्कीको मिति २०८२/०३/२६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा नर बहादुर कार्कीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना
प्रकाशन मिति: २०८२/०७/१७

प्रस्तुत विषयमा यस कार्यालयबाट मध्यान्ह दैनिक पत्रिकामा मिति २०८२/०५/०९ गते प्रकाशित सूचना अनुसार ठेक्का नं. **BRM/082/83/WORKS/06 "Bhanjyang Golgaun Bhugdeu Medhamsu Road"** कार्यको लागि रितपूर्वक विद्युतीय बोलपत्र मार्फत पेश हुन आएका बोलपत्रदाताको प्राविधिक प्रस्ताव खोली बोलपत्र मूल्यांकन गर्दा सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८२/०७/२४ गते दिनको १:०० बजे पछि यस कार्यालयमा खोलिने भएकाले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Substantially Responsive Bidders Name |
|---|---|
| 1 | Himalayan-Thamserku-Jyang Chhyup JV |
| 2 | Nabodita/Subodita JV |
| 3 | P.S-HYULSA-RITA JV |
| 4 | Joshi G/Januka JV |

प्रमुख प्रशासकीय अधिकृत



## Gandaki Province Government
## Ministry of Health
## Provincial Health Directorate
## Province Hospital, Tanahun
### Invitation for Electronic Bids
**Date of publication: 2082/07/17 (3rd Nov, 2025)**

1. Province Hospital, Tanahun invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for **Procurement of C-ARM Machine** and intends to apply part of the fund to cover eligible payments under the Contract for IFB No: **as Mention below:**
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Hospital, Tanahun** Gandaki Province, Telephone: 065563203, E-mail: damaulihospital2068@gmail.com, website: damauli hospital.gandaki.gov.np or may visit PPMO e-Gp system www.bolpatra.gov.np/egp.
**Information to deposit the cost of bidding document in Bank:**
   - Name of Office: **Province Hospital, Tanahun, Nepal**
   - Rajaswa (revenue) title no. : **14229**
   - Rajaswa (Revenue) account no : **27302000001001000001**
   - Bank Name : **Nepal Bank**
   - Security deposite (Dharauti) Acc No: **kha 2.3- pa le ni ka Dharauti Khata No: 06002000002003000001**
   - Office code no : **3700138014**
3. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the afore mentioned office of Province Hospital, Tanahun through https://bolpatra.gov.np/egp on or before 12:00 PM, 2082/08/19.
4. The bids will be opened in the presence of Bidders' representatives at 2082/08/19 at 2pm **Province Hospital Tanahun.**
5. The name and identification of the contract are as follows:

| S. N. | Contract Identification | Description | Units | Bid Document Fee | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | DH/NCB/12/2082/083 | Procurement of Supply, Delivery and Installation of C-ARM Machine | As per BOQ | 3000 | 1,39,599.99/- (One Lakh Thirty Nine Thousand five hundred ninety nine rupees ninety nine paisa Only) |

**Province Hospital, Tanahun**



## साउदीमा रोजगार
कम्पनी: DRILLING MATERIALS FACTORY COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०७/१६ — चलानी नं.: ६०२४६६९८ — LT. No.: 333043

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ९४८/०६७/०६८



## Kuwait मा रोजगार — Company : Locker Coffee
पुन: विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/११/२७ — चलानी नं. ६०२३४३१० — LT No.: 320177

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Rackaging And Wrapping Worker | 0 | 3 | साधारण | 120 | ५५,६८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले तिर्ने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ कार्तिक २४ गते (10 Nov., 2025) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ ।

Liverpool H.R. Solution Pvt. Ltd.
Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com



## युएईमा रोजगार
कम्पनी: SERVEU — शहर: UAE,DUBAI — पून विज्ञापन
पूर्व स्वीकृत मिति: २०८२/०३/२७ — चलानी नं.: ६०२४०५१९ — LT. No.: 326794

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Koperasi International Pvt. Ltd.
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tel.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com



## मलेसियामा रोजगार
कम्पनी : VELRICH SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/१४ — चलानी नं.: ६०२४६६५१ — LT. No.: 333004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ कात्तिक २४ गते (10 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

